
# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ५२ | काठमाडौं | बुधबार, ३१ जेठ २०८० | Prabhab National Daily | Wednesday, June 14, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## कोकाहाको पानी पकुवा खोलामा झरेपछि
# थामिएन मेयर हर्कको आँसु





कोकाहाबाट ल्याइएको पानी धरान नजिकको पकुवा खोलामा झारिएपछि खुसीको आँसु झार्दै धरानका मेयर हर्क साम्पाङ (बाँया) र पानीमा खेलेर खुसियाली मनाउँदै धरानवासी सर्वसाधारण ।

*तस्बिर सौजन्य: सामाजिक सञ्जाल*

- कोकाहाको पानी धरान नजिकको पकुवा खोलामा झारियो
- मेयर हर्क पकुवामा कोकाहाको पानी झर्दा भावविह्वल
- देश तथा विदेशबाट हर्कलाई जननेताको रूपमा चित्रण

■ **जेबी योञ्जन**

**काठमाडौं–** देशको पूर्वी क्षेत्रको सहर धरानको चर्को खानेपानी समस्या समाधानमा मरिमेटेर खटिएका मेयर हर्क साम्पाङको देश तथा विदेशबाट प्रशंसा भइरहेको छ । कतिपयले त उनलाई जननेता जसरी टिप्पणी पनि गर्न थालेका छन् ।

सोमबार मध्यरातमा कोकाहाबाट ल्याइएको पानी धरान नजिकको पकुवा खोलामा झारिएपछि साम्पाङले चौतर्फी वाहवाही पाइरहेका छन् । सुक्खायाममा हालसम्मकै सर्वाधिक काकाकुलको नियती भोग्दै आएका लाखौं धरानेका लागि ल्याइएको कोकाहाको उक्त पानीको वितरण भने केही दिनमा गरिने जनाइएको छ ।

उपमेयर आइन्द्रविक्रम बेघाका अनुसार पकुवा खोलाबाट यसअघि ल्याइएको पानीको पाइपमा अब कोकाहाको पानी मिसाइनेछ । यसपछि मात्रै टचांकीमा जम्मा गरेर धरानका उपभोक्ताहरूलाई वितरण गरिनेछ ।

श्रमदानमा मेयर साम्पाङसँगै खटिएका र हाल बिसञ्जो रहेका उपमेयर बेघाले प्रभावसँग भने, 'कोकाहाको पानीले धराने जनताको पानी समस्या केही हदसम्म अब समाधान हुनेछ ।'

हरेक सुक्खायाममा करिब छ महिना पानीको समस्या (बाँकी पृष्ठ २ मा)

# राष्ट्रपति पौडेलको अस्पताल दौडादौड

- तीन महिनामा राष्ट्रपति पौडेल तीन पटक तीन फरक-फरक अस्पताल भर्ना
- शीतलनिवास पुगेपछि झण्डै १८ दिन अस्पतालमा बास
- पेटदेखि मुटुमा समस्या देखिएको भनिए पनि राष्ट्रपतिको रोगलाई शीतलनिवासले अझै छैन खुलाएको



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** २५ फागुनमा राष्ट्रपतिमा निर्वाचित भएका रामचन्द्र पौडेलको स्वास्थ्यमा दिनानुदिन समस्या थपिएको छ । कुनै बेला केपी शर्मा ओली प्रधानमन्त्री हुँदा उपचारका लागि अस्पताल लगिएको झल्को दिनेगरी राष्ट्रपति पौडेल लगातार उपचारमा निस्किएका छन् ।

मंगलबारमात्र राष्ट्रपति पौडेल छाती दुखेर काठमाडौंको बाँसबारीस्थित सहिद गंगलाल राष्ट्रिय हृदय रोग केन्द्रमा उपचारका लागि भर्ना भए । अस्पतालमा भर्ना हुनासाथ पौडेलको छातीको एनजिओग्राम गरिएको थियो । सुरुआती रिपोर्ट राम्रो देखिएको अस्पतालले जनाएको छ । 'राष्ट्रपतिलाई बिहान ७ बजे भर्ना अस्पताल गरिएको हो,' शीतलनिवास सचिवालयले भन्यो ।

दम र ग्यास्ट्रिकबाट पीडित पौडेलको छाती दुखेपछि मुटुको परीक्षणका लागि अस्पताल लगिएको हो । पौडेललाई अस्पतालको भिआइपीतर्फ ६ नम्बर क्याबिनको २५४ नम्बर बेडमा राखिएको छ । भर्नापछि मुटुको परीक्षणका लागि 'एनजिओग्राम' समेत गरिएको र आजै पौडेललाई डिस्चार्ज गर्ने तयारी रहेका गंगालालका निर्देशक डा चन्द्रमणि अधिकारीले जानकारी दिए ।

'सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यू नियमित स्वास्थ्य परीक्षणको क्रममा यस सहिद गंगलाल राष्ट्रिय हृदय केन्द्रमा भर्ना हुनुभएको र उहाँलाई चिकित्सकहरूको सल्लाहअनुसार २४ घण्टा अवलोकनमा राखी डिस्चार्ज गर्ने तयारी रहेको जानकारी गराउँदछौं,' निर्देशक डा. अधिकारीले विज्ञप्ति जारी गर्दै भनेका छन् ।

### राष्ट्रपति भएपछि धमाधम अस्पताल

पहिलोपटक राष्ट्रपति चैत १८ गते शिक्षण अस्पताल भर्ना भएका थिए, पौडेल । पेटमा समस्या देखिएपछि राष्ट्रपति पौडेल उपचारका लागि शिक्षण अस्पताल पुगेका थिए । त्यतिबेला उपचारमा संलग्न चिकित्सकका अनुसार राष्ट्रपति पौडेलको छातीमुनी पेट र बाँया कोखा दुख्ने समस्या थियो । पौडेल अघिल्लो दिन १७ गते पनि अस्पताल पुगेका थिए । उक्त दिन उनको अल्ट्रासाउण्ड, एक्सरे र रगत जाँच गरिएको थियो । (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# साउदी भिसाका लागि शैक्षिक प्रमाणपत्र अनिवार्य नहुने

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** साउदी अरेबियामा रोजगारीका लागि भिसा लिन शैक्षिक प्रमाणपत्र पेस गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा नआउने भएको छ । शैक्षिक प्रमाणपत्र पेस गर्नुपर्ने जयाँ व्यवस्था लागू गर्ने तयारीमा लागेको नेपालस्थित साउदी अरेबियाको राजदूतावास वैदेशिक रोजगार व्यवसायीको विरोधका कारण पछि हटेको हो ।

दूतावासले नेपालबाट साउदी जाने कामदारको भिसा प्रक्रियामा शैक्षिक प्रमाणपत्र अनिवार्य पेस गर्नुपर्ने व्यवस्था लागू गर्ने तयारी गरेको थियो । दूतावासले यही जुन १२ अर्थात् जेठ २९ गते सोमबारदेखि लागू हुनेगरी कामदारको भिसा आवेदनमा शैक्षिक योग्यताको प्रमाणपत्र अनिवार्य पेस गर्न म्यानपावर व्यवसायीहरूलाई अनौपचारिकरूपमा सूचित गरेको थियो । यस विषयमा व्यवसायीहरूले विरोध जनाउँदै कूटनीतिकरूपमा समस्या समाधनको पहल गरिदिन श्रम, रोजागर तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीको ध्यानाकर्षण गराएका थिए ।

साउदी जाने कामदारले शैक्षिक प्रमाणपत्र प्रमाणीकरण गरी पेस गर्नुपर्ने व्यवस्था लागू नगर्ने भएपछि पूर्ववत् अवस्थामा नै भिसा जारी गरेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए । 'दूतावासले अहिलेलाई पुरानै प्रक्रियामार्फत भिसा दिने भएको छ,' उनले भने, 'सोमबारबाट शैक्षिक प्रमाणपत्र प्रमाणीकरण नभएका कामदारलाई भिसा नदिने जानकारी आए पनि त्यसलाई लागू गरिएको छैन, यसर्थ पुरानै नियमानुसार भिसा जारी हुन्छ ।' महासचिव भुर्तेलले यसो भने पनि दूतावासले भने कुनै पनि औपचारिक सूचना जारी गरेको छैन । यद्यपि, भिसा स्टचाम्पिङका लागि दूतावासले शैक्षिक प्रमाणपत्र माग गरेको छैन ।

रोजगारीमा जाने व्यक्ति सामान्यतः लेखपढ गर्न सक्ने होस् भन्ने अभिप्रायका साथ उक्त नियम ल्याउन लागिएको दूतावासको सूचनापाटीमा उल्लेख छ । तर दूतावासको निर्णयले नेपालबाट साधारण कामदारको रूपमा साउदी जानेहरूलाई झन्झट हुने र शैक्षिक प्रमाणपत्र नभएकै कारण रोजगारीबाट वञ्चित हुने अवस्था आउने भएका कारण उक्त निर्णय सच्याउन माग गरिएको भुर्तेलले बताए ।

व्यवसायीहरूलाई शैक्षिक प्रमाणपत्र पेस गनुपर्ने सूचना आएको बताइए पनि यसबारे औपचारिक रूपमा कुनै जानकारी वा निर्णय भएको विषय श्रम मन्त्रालयमा नआएको उपसचिव एवं सहायक प्रवक्ता कविराज उप्रेतीले बताए । 'कुनै जानकारी वा सूचना नपाइ उहाँहरू (म्यानपावर व्यवसायी) मन्त्रालयमा ज्ञापनपत्र बुझाउन आएको पक्कै होइन,' उनले भने, 'मन्त्रीज्यूले ज्ञापनपत्र बुझेपछि परराष्ट्र मन्त्रालयमार्फत उक्त निर्णयको औचित्यबारे प्रस्ट पार्न दूतावासलाई पत्राचार गर्दै आवश्यक छलफलका लागि बोलाइएकोमा तत्काललाई निर्णय कार्यान्वयन नहुने अनौपचारिक जानकारी आयो ।'

भर्खरै मात्र नेपाल सरकारले श्रम सम्झौताको लागि आवश्यक मस्यौदा साउदी सरकारलाई पठाएको छ । तसर्थ, यस्ताखाले निर्णय दुई देशबीचको श्रमसम्बन्धको विषय भएकाले औपचारिकरूपमा छलफल तथा परामर्श गरी निचोड निकाल्नुपर्ने मन्त्रालयले जनाएको छ । व्यवसायीको विरोध र श्रम मन्त्रालयको सक्रियताले तत्काललाई दूतावासले उक्त निर्णय कार्यान्वयन नगरे पनि आगामी दिनमा पुनः लागू गर्न सक्ने व्यवसायीहरूको आशंका छ । यसअघि साउदी दूतावासले कामदारको भिसा प्रक्रिया भिएसएफ ग्लोबल नेपालमार्फत गर्ने निर्णय गरे पनि लागू नगरी पछाडि हटेको थियो ।

## कुवेत पठाउने बहानामा १३ जनासँग ठगी

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि कुवेत पठाइदिने भन्दै विभिन्न व्यक्तिलाई ठगी गरेको आरोपमा एक जना पक्राउ परेका छन् । कुवेतमा आकर्षक तलबसहितको रोजगारीमा लगाइदिने भन्दै १३ जनासँग रकम संकलन गरी फरार रहेको आरोपमा विजय पुलामी मगरलाई प्रहरीले पक्राउ गरेको हो ।

मकवानपुरको भिमफेदी गाउँपालिका-६ स्थायी घर भई हाल काठमाडौं कलंकी बस्ने ३७ वर्षिया मगरले वीरबहादुर गुरुङसमेत १३ जनालाई कुवेत जान प्रतिव्यक्ति दुई लाख रूपैयाँ लाग्ने र प्रतिष्ठित कम्पनीमा काम लागाइदिने भन्दै पटक-पटक गरी सात लाख ७५ हजार रूपैयाँ लिएर ठगी गरेको प्रहरीले जनाएको छ । उनले पीडितहरूलाई कुवेतमा ५५ हजार रूपैयाँभन्दा बढी मासिक तलब हुने भनी विश्वास दिलाई पैसा लिएर सम्पर्कविहीन भएको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ । मगरलाई खोजतालासका क्रममा काठमाडौं पुतलीसडकबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको विशेष प्रहरी टोलीले पक्राउ गरेको हो । पीडितहरूबाट पटकपटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनीहरूलाई थप अनुसन्धान तथा कारबाहीको लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए ।




# १६ जिल्लाका एक हजारभन्दा बढी दादुराबाट संक्रमित

**काठमाडौं (प्रस)–** दादुरा प्रकोपबाट १६ जिल्लाका एक हजारभन्दा बढी संक्रमित भएका छन् । स्वास्थ्य विभागको परिवार कल्याण महाशाखाले मंगलबार सार्वजनिक गरेको प्रतिवेदनमा १६ जिल्लाको एक हजार तीन जनालाई दादुराको प्रकोप भएको छ ।

महाशाखाका निर्देशक डा. विवेककुमार लालका अनुसार मोरङ, सुनसरी, धनुषा, महोत्तरी, सर्लाही, चितवन, काठमाडौं, कपिलवस्तु, अर्घाखाची, दाङ, बाके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर र बाजुरा जिल्लामा दादुराको प्रकोप भएको छ । ती जिल्लामध्ये सबभन्दा बढी प्रभावित कैलाली, सुनसरी र महोत्तरी रहेका छन् ।

कैलालीको धनगढी उपमहानगरपालिका, गौरीगंगा नगरपालिका र गोदावारी नगरपालिका, सुनसरीको बर्जु नगरपालिका र महोत्तरीको गौलाशा नगरपालिकाको वडा नं २ र ५ रहेका छन् । ती स्थानीय तहका छ महिनादेखि १५ वर्ष उमेर समूहका बालबालिकालाई दादुराविरुद्धको खोप लगाइएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

अहिलेसम्म दादुराको प्रकोपबाट बाँकेको नेपालगञ्जमा एक जनाको मृत्यु भएको प्रतिवेदनमा उल्लेख गरिएको छ । यही जेठ २४ गते काठमाडौंको गोकर्णेश्वर नगरपालिकामा देखिएको दादुरा नियन्त्रणमा आएको महाशाखाले जनाएको छ । दादुरा प्रकोप प्रभावित जिल्लामा हालसम्म दुई लाख १५ हजार ५४ जनालाई दादुराविरुद्धको खोप लगाइएको छ ।

बाल स्वास्थ्य तथा खोप शाखाले यही जेठ २५ गतेदेखि सुनसरी मोरङ, महोत्तरी, बर्दिया, दाङ, सुर्खेत, कैलाली, कञ्चनपुर र बाजुरा जिल्लाका छ महिनादेखि १५ वर्षमुनिका बालबालिकालाई दादुरा रुबेलाविरुद्धको खोप अभियान सुरु गरेको छ । दादुरा रुबेला रोग कोरोना भाइरसभन्दा पनि तीव्र गतिले फैलिने र मृत्युदर पनि उच्च रहेको छ । एक जना दादुरा संक्रमितले १८ जनासम्म रोग सार्न सक्दछ । मन्त्रालयले यसअघि जतिपटक खोप लगाए पनि अभियानका क्रममा खोप लगाउन आग्रह गरिएको छ ।

महाशाखाले काठमाडौंका सबै स्वास्थ्य संस्था, निजी अस्पतालमा सक्रिय दादुराका बिरामी खोजी जारी राखेको जनाएको छ । यसै सबै स्वास्थ्य संस्था र निजी अस्पताललाई दादुराको शंकास्पद केस नगरपालिका र स्वास्थ्य सेवा विभागमा प्रतिवेदन पेस गर्न अनुरोध गरिएको छ । यस्तै दादुराको निगरानीको लागि सबै जिल्ला र नगरपालिका फोकल पर्सनलाई संवेदनशील हुनसमेत महाशाखाले अनुरोध गरेको छ ।

# जिप र माइक्रोबस असार १ देखि नयाँ बसपार्कभित्रबाट सञ्चालन हुने

**काठमाडौं–** जिप र माइक्रोबस आगामी असार १ गतेदेखि गोंगबुस्थित नयाँबसपार्कभित्रबाट सञ्चालन हुने भएका छन् । माइक्रोबस तथा जिप समन्वय समितिले मंगलबार पत्रकार सम्मेलन गरी आगामी शुक्रबारदेखि जिप र माइक्रोबस नयाँ बसपार्कभित्रबाट सञ्चालन गर्न लागेको जानकारी दिएको हो ।

समितिका संयोजक राजेन्द्र आचार्यले यसअघि काठमाडौंभित्रका विभिन्न स्थानबाट सञ्चालन हुँदै आएका माइक्रो बस तथा जिपलाई असार १ गतेदेखि गोंगबुस्थित नयाँ बसपार्कभित्रबाट सञ्चालन गर्न लागिएको जानकारी दिए ।

काठमाडौं महानगरपालिकाले यही जेठ १९ गते लामो, मध्यम तथा छोटो दूरीका सार्वजनिक सवारीसाधन नयाँ बसपार्कभित्रबाट सञ्चालन गर्ने निर्णय गरेकाले उक्त निर्णयको कार्यान्वयनका लागि नयाँ बसपार्कभित्रबाट सञ्चालन गर्न लागिएको संयोजक आचार्यले बताए ।

'स्थानीय सरकारले गरेको निर्णय मान्न हामी तयार छौं, उक्त निर्णय सरोकारवाला सबै निकायलाई लागू गराउन महानगरपालिका लाग्नुपर्छ, हामी साथ दिन तयार छौं, स्थानीय सरकारले कसैलाई काखा र कसैलाई पाखा गर्नुहुँदैन,' उनले भने । यसअघि नयाँ बसपार्कबाट ठूला सार्वजनिक सवारीसाधन मात्र सञ्चालन हुँदै आएका थिए ।

यसअघि माइक्रोबस तथा जिप बल्खु, कलंकी, बालाजु, माछापोखरी, गोंगबु, कोटेश्वरलगायतका क्षेत्रमा काउण्टर राखेर सञ्चालन हुँदै आएका थिए । अब भने सबै टिकट काउण्टर बसपार्कभित्र राखिने भएकाले सोही स्थानमा आएर टिकट लिनसमेत उनले यात्रुलाई आग्रहसमेत गरे ।

हाल काठमाडौंबाट पोखरा, नारायणगढ, डुम्रे, दमौली, लमजुङ, गोरखा, धादिङ, त्रिशूली बागलुङ, वेनी, स्याङ्जा, वालिङ, बुटवल, भैरहवा, कोटेश्वरबाट बिपी राजमार्ग हुँदै पूर्व जाने माइक्रोबस र बल्खुबाट हेटौंडा चल्ने टाटासुमो सञ्चालन हुँदै आएका छन् ।

संयोजक आचार्यले नयाँ बसपार्कभित्रबाट माइक्रोबस तथा जिप सञ्चालन गर्न नयाँ बसपार्क सञ्चालन गर्दै आएको लोत्से बहुउदेश्यीय प्रालिसँगसमेत सम्झौता गरिसकेको बताए । 'नेपालको यातायात क्षेत्रलाई व्यवस्थित र यात्रुमैत्री बनाउन आवश्यक पर्ने संरचना निर्माणका लागि लोत्सेसँग सहकार्य गरेर अगाडि बढेका छौं' संयोजक आचार्यले भने ।

उनले नयाँ बसपार्कबाट माइक्रोबस तथा जिप सञ्चालन गर्दै गर्दा यात्रुको सुविधाका लागि यसअघि सञ्चालन हुँदै आएका क्षेत्रमा निश्चित समयसम्म 'पिक एण्ड ड्रप'को व्यवस्था गर्नसमेत महानगरपालिकासँग आग्रह गरे ।

काठमाडौं उपत्यकाभित्र प्रवेश गर्ने सार्वजनिक सवारीसाधनलाई व्यवस्थित तथा पार्किङ गर्न महानगरपालिकाले वि.सं. २०५६ मा ल्होत्से बहुउद्देश्यीय प्रालिसँग सम्झौता गरी नयाँ बसपार्क सञ्चालनमा ल्याएको थियो । १६१ रोपनी क्षेत्रफलमा फैलिएको नयाँ बसपार्कमा ८०० भन्दा बढी सार्वजनिक सवारीसाधन राख्न मिल्ने क्षमता छ । *रासस*

## राष्ट्रपति...

पृष्ठ १ बाट जारी

पौडेल पाँच दिन अस्पताल बसी स्वास्थ्यलाभ गरेर शिक्षण अस्पताल महाराजगञ्जबाट शीतलनिवास फर्किएका थिए । अस्पतालका प्रशासन प्रमुख वैकुण्ठप्रसाद थपलियाले पौडेल स्वास्थ्यलाभ गरी डिस्चार्ज भएको बताएका थिए । राष्ट्रपति बिरामी भएको केही दिनमा चैत २४ गते शीतलनिवासले डा. निरज बमलाई पौडेलको निजी चिकित्सकको रूपमा नियुक्ति दियो । डा. बम छाती रोग विशेषज्ञसमेत हुन् ।

त्यतिबेला राष्ट्रपति पौडेललाई केही समय पूर्णरूपमा आराम गर्न चिकित्सकले सुझाव दिएका थिए । त्यसको केही समयपछि वैशाख ५ गते राष्ट्रपति पौडेल फेरि अस्वस्थ भए । शीतलनिवासमै बेहोस भएपछि उनी त्रिवि शिक्षण अस्पतालमा भर्ना भए ।

स्वास्थ्यको गडबढी नेपालमा ठीक हुने नदेखिएपछि शिक्षण अस्पताल चिकित्सकले पौडेललाई थप उपचारका लागि भारत लैजान सुझाएका थिए । लगत्तै वैशाख ६ गते पौडेललाई एयर एम्बुलेन्समार्फत भारत लगिएको थियो । 'सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेल आज बिहान १०:०० बजे श्री एयरलाइन्सको विमानबाट दिल्लीस्थित अल इण्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस (एम्स) मा थप उपचारको लागि प्रस्थान गर्नुभएको छ,' राष्ट्रपति कार्यालयका प्रवक्ता सागर आचार्यले वक्तव्य जारी गर्दै भनेका थिए, 'नेपालको त्रिवि शिक्षण अस्पताल र एम्स अस्पतालका चिकित्सकहरूको बीचमा परामर्श हुँदा उहाँलाई थप अनुसन्धान एवं उपचारका लागि त्यहीँ जान उपयुक्त हुने राय आएपछि भारतको एम्स अस्पताल जानुभएको हो ।'

वैशाख ४ गते पेटमा समस्या देखिएपछि फलोअपका लागि राष्ट्रपति पौडेल अस्पताल पुगेका थिए । त्यतिबेला उनको बायाँ छातीको तल्लो भागबाट भिडिओ एक्सरेको सहायताले पानी निकाली परीक्षणको लागि पठाइएको थियो । स्वास्थ्य अवस्था सामान्य रहेको भन्दै अस्पतालले तत्कालै निवास पठाएकोमा पौडेल पुनः अस्वस्थ भएका थिए ।

भारतबाट उपचारपछि वैशाख १७ गते पौडेल नेपाल फर्केका थिए । दोस्रोपटक पौडेलको अस्पताल बास १२ दिनको रह्यो । पछिल्ला दिनहरूमा पौडेल शीतल निवासमै आराम गरिरहेका थिए । स्वस्थमा समस्या देखिएपछि कमै मानिससँगमात्र भेटघाटको कार्यक्रम हुन्थ्यो । सरकारको नीति तथा कार्यक्रमसमेत पौडेलले पेस गर्न नसक्ने चर्चा चलेको थियो ।

यद्यपि, पौडेल सकीनसकी संसद् पुगे र नीति तथा कार्यक्रम पेस गरे । नयाँ बानेश्वरस्थित संसद् भवन पुगेर सलामी ग्रहण गर्दासमेत पौडेलका अवस्था कमजोर देखिन्थ्यो । राष्ट्रपति पौडेललाई के भएको हो ? दम, ग्यास्ट्रिक र पेटमा समस्या देखिएको भनिए पनि यसबारे अझै प्रस्ट पारिएको छैन । पौडेललाई पिसाबसम्बन्धी समस्या रहेको बताइए पनि शीतलनिवासले भने रोगलाई गोप्य नै राखेको छ ।

# पाठ्यपुस्तक छपाइको आयव्यय सार्वजनिक गर्न माग

**काठमाडौं (प्रस)–** जनक शिक्षा कर्मचारी संगठनले शैक्षिक सत्र २०७९/८० को पाठ्यपुस्तक छपाइको आयव्यय हिसाब श्वेतपत्रमार्फत यथाशीघ्र सार्वजनिक गर्न माग गरेको छ ।

संगठनका संयोजक जनखलाल भारतीले केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झालाई ज्ञापनपत्र दिँदै शैक्षिक सत्र २०८० का लागि पाँच हजार मेट्रिक टन कागज आपूर्तिको जिम्मा लिएको नेपा हिमा प्रालिले हालसम्म आपूर्ति पूरा नगरी अन्य व्यवस्थाबाट पाठ्यपुस्तक छाप्नुपरेको र कक्षा १० को कोर्ष आउट भइसकेको पुस्तक बढी छापिएको विषयमा पनि ध्यानाकर्षण गराएको छ ।

संगठनले नेपालगञ्जमा प्रादेशिक प्रेस सञ्चालनका लागि आव २०८०/८१ को बजेटमा करिब २५ करोड रूपैयाँ रकम छुटचाइ यही आर्थिक वर्षमै सोही स्थानबाट पाठ्यपुस्तक उत्पादन गरी बिक्रीवितरणको व्यवस्था मिलाउनसमेत माग गरेको छ । संगठनले कर्मचारी सेवा सर्त विनियमावली सम्बन्धित निकायबाट ल्याई कर्मचारीको वृत्ति विकासका कार्य नियमित गर्न, केन्द्रका फाजिल दरबन्दीमा रहेका हाल तीन तहमा कार्यरत कर्मचारीलाई विनियमावलीको व्यवस्था अनुसार विनासर्त चार तहमा बढुवा गर्नसमेत माग गरेको छ । प्रादेशिक कार्यालयका जीर्ण भवनमध्ये आगामी आवको बजेटमा कम्तीमा प्रादेशिक कार्यालय, भरतपुर र कैलालीको धनगढी कार्यालयका भवन निर्माणका लागि बजेटमा व्यवस्था गर्नुपर्ने संगठनको भनाइ छ ।

विगत लामो समयदेखि पाठ्यपुस्तकको मूल्यवृद्धि नभएको र कच्चापदार्थको भाउ दोब्बर भएकाले तत्काल पाठ्यपुस्तकको मूल्यवृद्धिको पहल गर्न, केन्द्रमा बिग्रिएर थन्किएका मेसिनलाई तत्काल लिलाम प्रक्रिया अगाडि बढाउन, कागज लोड-अनलोड गर्दा लापरबाहीका कारण नोक्सान हुने अवस्था कम गर्न, केन्द्रमा अर्को पाठ्यपुस्तक भण्डारण बनाउन माग गरिएको छ ।


## जनहितमा जारी सन्देश

१. घरजग्गा कर समयमा नै तिरी नागरिक दायित्व पूरा गरौं ।
२. सडकको छेउ किनारामा निर्माण सामग्रीहरू नराखौं ।
३. सार्वजनिक स्थलमा छाडा चौपाय नछोडौं ।
४. बालश्रमको प्रयोग नगरौं नगराऔं ।
५. जेष्ठ नागरिकको सम्मान गरौं ।
६. जन्म दर्ता,मृत्यु दर्ता,बिवाह दर्ता,बसाइ सराई लगायत व्यक्तिगत घटना सम्बन्धित वडा कार्यालयमा गइ दर्ता गरौं ।
७. महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौं ।
८. आफ्नो घर पसल संघसंस्थाबाट निस्केको फोहर जथाभावी नफालौं, सभ्य नागरिकको परिचय बनाऔं ।
९. भुकम्प प्रतिरोधी घर निर्माण गरौं ।

**चुरे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**घरखेडा, कैलाली**


## थामिएन मेयर...

पृष्ठ १ बाट जारी

धरानवासीले बेहोर्दै आएका छन् । जबकि, खानेपानीको दीर्घकालीन समस्या समाधान गर्न एसियाली विकास बैंक (एडिबी)को ऋण तथा अनुदान सहयोगमा भूमिगत खानेपानी आयोजना सञ्चालनमा छ । तर, धरानमा पानीको हाहाकार नै छ । धरानवासीको यही समस्यालाई राजनीतिक एजेण्डा बनाउँदै अन्ततः स्वतन्त्रबाट निर्वाचित मेयर हर्कले खानेपानी जसरी पनि धरानवासीलाई खुवाउने भन्दै श्रमदान गर्ने र गराउँदै अहोरात्र खटिएका छन् ।

परिणामतः कोकोहाको पानी धरानमा नखसालेसम्म धरान आउदिनँ भनेर चार दिनदेखि फिल्डमै श्रमदान गर्न खटिएका हर्क र उनलाई श्रमदानमा सहयोग गर्ने टोली पानी ल्याउन सफल भए । करिब ४० किलोमिटर दूरी पार गरेर कोकाहाको पानी सोमबार मध्यराति १२ बजेर ३ मिनेटमा माया धराने साबुन उद्योग निर्माणस्थलको केही उत्तरमा पर्ने पकुवा खोलाको वास आउट पोइन्टमा झारिएको छ ।

आइतबार रातिदेखि पटनाली क्षेत्रमै पाइप जोड्न र तान्नमै हर्क व्यस्त थिए । श्रमदान अभियानमार्फत पाँच इञ्चे पाइपमार्फत कोकाहाको पानी ल्याउन सफल भएपछि भावुक भए, साम्पाङ । उनको आँखा रसाए । त्यत्तिकैमा पाइपबाट खस्दै गरेको पानीले मुख धोए । टाउकोमा पानी थापिरहे ।

लामो संघर्षपछिको उपलब्धि देखेर साम्पाङ एकछिन टोलाइरहे । अनि, श्रमदान गर्ने सबैलाई धन्यवाद दिए । 'खानेपानी राजनीति'बाट धरानको मेयर निर्वाचित भएका साम्पाङ धरानको खानेपानी संकट समाधान खातिर निरन्तर खटिँदै आएका छन् ।

उनको केहीले भने विरोध पनि गरेका छन् । तर, धेरैको धरानेको समर्थन छ । त्यही भएर देश तथा विदेशमा रहेका धरानेहरूबाट पानीका लागि करिब चार करोड रूपैयाँ सहयोग संकलन भइसकेको उपमेयर बेघाले बताए । उनका अनुसार कतिपय दाताले पाइपसमेत खानेपानी आयोजनाका लागि दिए ।

जसकारण धरानको वडा नम्बर २० स्थित हात्तीसार भन्ने ठाउँबाट कोकाहाको पानीलाई पाइपमार्फत बराहक्षेत्र हुँदै ल्याउन सकिएको हो । यसअघि धरान आसपासका खोलाहरू पकुवा, निसाने र भालुखोलामा खानेपानीको पाइपलाइनसमेत विस्तार गरेर पानी संकलन गरिँदै आएको छ ।

नेपाल खानेपानी संस्थानले सर्दु-खर्दु मुहानबाट हिउँदमा दैनिक करिब ४० लाख लिटर र चारकोसे जंगलमा जडान गरेको पाँचवटा डिप टचुबेलबाट आवश्यक खानेपानी आपूर्ति गर्दै आएकोमा हाल धरान खानेपानी आयोजनाअन्तर्गतको धरान खानेपानी व्यवस्थापन बोर्डमातहतको सातवटा डिप टचुबेलले दैनिक खानेपानी आपूर्ति गर्दै आएको छ ।

तर, खानेपानी बोर्डले स्थानीय उपभोक्तालाई आफ्नै टचांकरबाट पानी आपूर्ति गर्न सबैलाई नसकेपछि यतिबेला धरानमा निजीस्तरमा सञ्चालित दुई दर्जनभन्दा बढी खानेपानी टचांकर व्यवसायीलाई पानी वितरण गर्न भ्याइनभ्याई भएको छ । टचांकर व्यवसायी जयन्त गौतमले धरानभरिमा स्थानीय उपभोक्ता, होटल व्यवसायी, रेस्टुराँ सञ्चालकहरूले दैनिक १२ लाख लिटरदेखि १५ लाख लिटर किनेर प्रयोग गरिरहेका बताए । उनका अनुसार ठूला टचांकर व्यवसायीले प्रतिलिटर ६० पैसामा बिक्री गरिरहेका छन् भने पिकअपमा ड्रम राखेर ल्याउनेहरूले १ रूपैयाँ लिटरमा बिक्री गरिरहेका छन् ।

खानेपानीको अभावले धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चिकित्साशास्त्र अध्ययन/अध्यापन एक साताका लागि स्थगित भएको छ । विद्यार्थीहरूलाई घर जाने बिदा दिइएको छ ।

पानीको अभावका कारण धरानमा कोठा भाडामा लिएर स्कुल-कलेज पढ्ने विद्यार्थी, सानोतिनो व्यापार व्यवसाय गर्ने परिवारसमेत तत्कालका लागि आफ्नो घरमा फर्किएका छन् । यस्तो चरम खानेपानी समस्या धरानमा रहँदा मेयर हर्क र श्रमदानमा स्वतःस्फूर्त जुटेका धरानेले कोकाहा खोलाको पानी ल्याएका हुन् ।

कोकाहाको पानीले केही हदसम्म धरानेलाई राहत मिल्ने तर पूरै खानेपानी समस्या भने नटर्ने स्वयं हर्क बताउँछन् । उनले भन्दै आएका छन्, 'धरानमा पानी कोशीबाट ल्याउनुपर्छ । त्यसो गरिए धरानको खानेपानीको दीर्घकालीन समस्या समाधान हुन्छ ।'

मेयर हर्क र उनको नेतृत्वको श्रमदाताहरूले पकुवासँगै सर्दुलगायत क्षेत्रबाट यसअघि पनि धरानमा पानी ल्याएका छन् ।


**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**पाँचथर, फिदिम**
**कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८०/०२/३१**

यस कार्यालयद्वारा मिति २०८०/०१/१३ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपशिल बमोजिमको सडक निर्माण कार्यको लागि विद्युतीय खरिद प्रणाली (E–Bidding) मार्फत पेश हुन आएका बोलपत्रहरू मध्ये देहाय बमोजिमको बोलपत्र न्यूनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | आयोजनाको नाम र ठेगाना | छनौट गरिएको फर्मको नाम र ठेगाना | कबोल गरेको अंक (पी.एस. र भ्याट सहित) |
|---|---|---|---|
| IDO-PAN-NCB-ROAD-079/80-32 | Upgrading of Sarkhande-Yashok Road Section (Chainage 11+310 to 12+844.07 Km), Panchthar | M/S Khanal Construction Pvt. Ltd., Ilam-8, Ilam | 7,31,08,769.76 |

**कार्यालय प्रमुख**



## कान्तिपुर मेनपावर सर्भिस प्रा. लि. विरुद्ध वैदेशिक रोजगार विभागमा उजुर गर्नेहरूका लागि जारी गरिएको ३५ दिने सूचना

**प्रथमपटक प्रकाशित मितिः २०८०/०२/३१**

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (सचिवस्तर) को मिति २०७५/११/०१ गतेको निर्णय बमोजिम स्वीकृत उजुरी फछ्र्यौट कार्ययोजना अनुरूप गठित उपसमितिको मिति २०८०/०२/१२ गतेको निर्णयानुसार वैदेशिक रोजगारको लागि इजाजत प्राप्त संस्थाहरू उपर परेको हालसम्मको उजुरीको छानविन तथा फछ्र्यौट गर्ने सन्दर्भमा वैदेशिक रोजगार विभागको अभिलेख एवम् सूचना प्रणालीमा दर्ता भएको यस प्रा.लि.विरुद्धका उजुरीहरू वैदेशिक रोजगार विभागद्वारा मिति २०८०/०२/३० गते प्रभाव दैनिकमा सूचना प्रकाशित भएको मितिले ३५र (पैतिस) दिनभित्र छानविन तथा फछ्र्यौट गरी सो को प्रगति विवरण उक्त विभागमा पेश गनुपर्ने भएकोले उक्त अवधिभित्र तपसिलका उजुरीकर्ताहरूसँग सम्पर्क हुन नसकेकोले उजुरी फछ्र्यौट गर्ने सिलसिलामा तपसिलका उजुरीकर्ताहरूलाई जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त अवधिभित्र उजुरी फछ्र्यौटका लागि यस प्रा.लि.मा सम्पर्क राख्नु हुन र सम्पर्कमा नआउनु हुने खण्डमा नियमानुसार हुने जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | उजुरीवालाको नाम थर | पिडितको नाम, थर | उजुरीको कम्प्युटर दर्ता नम्बर | उजुरीको विषय | उजुरी मिति | रोजगारदाता देश |
|---|---|---|---|---|---|---|
| १. | विक्रम स्याङताङ | विक्रम स्याङताङ | ५४७७ | स्वदेश फिर्ता | ०१/०३/२०२२ | साउदी अरेबीया |
| २. | तिला गुरुङ, विष्णु पुलामी मगर | पूर्ण बहादुर गुरुङ | १३२२ | दोषीलाई कारवाही गरी रकम र क्षतिपूर्ति | ०२/१४/२०१८ | साउदी अरेबीया |
| ३. | अमृत बहादुर माझी | अमृत बहादुर माझी | ५४१९ | स्वदेश फिर्ता | १९/०६/२०२२ | साउदी अरेबीया |
| ४. | गोविन्द बस्नेत | गोविन्द बस्नेत | ५८५३ | उद्धार | ०७/०८/२०२२ | साउदी अरेबीया |
| ५. | श्याम बहादुर आले मगर | श्याम बहादुर आले मगर | ६१६० | खान बस्न नदिएको, उद्धार | २२/०७/२०२२ | साउदी अरेबीया |
| ६. | पूर्ण बहादुर खत्री | पूर्ण बहादुर खत्री | ६२४४ | तलब सुविधा | १३/०६/२०२२ | साउदी अरेबीया |
| ७. | चरण मंग्रान्ति | चरण मंग्रान्ति | ६७५८ | क्षतिपूर्ति | १५/११/२०२२ | साउदी अरेबीया |
| ८. | अर्जुन चौधरी थारु | अर्जुन चौधरी थारु | ६७५७ | रकम र क्षतिपूर्ति | २७/१२/२०२२ | साउदी अरेबीया |

# विकासले रोक्यो झिम्पा गाउँको बसाइँसराइ

■ खेमराज गौतम

**गलकोट–** घर-घरमै शुद्ध पानीको धारा छ । दैलो अगाडिको राष्ट्रिय राजमार्गमा बस गुड्न थालेको पाँच वर्ष भइसक्यो । गाउँमै पालिका अस्पताल निर्माण भइरहेको छ । गाउँभरमा व्यावसायिक कागती खेतीको लहरै आएको छ ।

बागलुङको सुदूरपश्चिममा रहेको निसीखोला गाउँपालिका-४ झिम्पा गाउँका बासिन्दाको सोच अहिले बदलिएको छ । 'चार-पाँच वर्षअघिसम्म बसाइँसराइको लहरै आएको थियो, धेरै कमाइ हुने घर छाडेर मधेस झरे, गाउँका केही घरसमेत खाली भएका थिए,' झिम्पा गाउँकी बासिन्दा प्रमिला मगरले भनिन्, 'अहिले खाली भएका घरमासमेत मानिस बस्न थालेका छन्, काम विशेष, अध्ययन तथा मजदुरीका लागि राष्ट्रिय लोकमार्ग आसपासमा बसाइँ सरेरसमेत आउन थाले, पहिला घडेरी किन्न तराई सर्नेहरूले अहिले तल्लो झिम्पाको फाँटमा घडेरी किन्न थालेका छन् ।'

पहिला-पहिला मेलापात जानुपर्ने, घाँस दाउराका लागि लेक जानुपर्ने अवस्थामा यहाँका बासिन्दालाई दुःख भए पनि अहिले लेक जान छाडिसकेका छन् । 'पहिलाजस्तो पानी लिन जानुपर्ने, दाउरा घाँस लिन जानुपर्ने अवस्था छैन, श्रीमान्ले विदेशमा कमाउनुहुन्छ, त्यही पैसा खर्च गरेर सहरमा कोठा लिएर बस्नुभन्दा आफ्नै गाउँमा बस्न आनन्द छ, पहिला बसाइँसराइ गरेर गएकाहरू समेत गाउँमा सुविधा थप भएपछि फर्केका उदाहरण छन्,' मगरले भनिन् ।

गाउँको कुनाकाप्चामै सडक पुगेकाले अहिले सहरमा पाइने सुविधा गाउँमै पाइन थालेपछि बसाइँसराइ गर्नेहरू घटेका मात्रै छैनन् मधेस गएकासमेत गर्मीले शीतल खोज्दै गाउँ फर्किन थालेको स्थानीय चक्रबहादुर रोकाले बताए । रोकाका अनुसार गाउँबाट १० वर्षअघि बसाइँसराइ गरेर गएका चार परिवार फर्केर गाउँमा आएका छन् ।

'सुविधाका लागि सहर जाने हो, सहरको सुविधा गाउँ आइसक्यो, आँखै अगाडिबाट लामो दूरीका बस नेपालका विभिन्न सहरका लागि छुट्छन्, मध्यपहाडी राष्ट्रिय लोकमार्ग कालोपत्र भएपछि निसीखोलामा विकासले फड्को मारेको हो, गाउँमै प्लास्टिक टनेलमा तरकारी उत्पादन हुन्छ,' रोकाले भने, 'अहिले २० बाख्रा पालेको छु, ५० कागती र ५० सुन्तलाका बोट हुर्कँदै गरेका छन्, गरिबहरू बसाइँसराइ गर्ने कुरै भएन, धनीहरूसमेत सहरको जस्तो घर गाउँमै बनाएर बस्न थाले ।'

रोकाले झिम्पा गाउँमै १० शय्याको पालिका अस्पताल निर्माण भइरहेको जनाउँदै स्वास्थ्य सेवासमेत दैलोमै पाइनेमा झिम्पा गाउँका बासिन्दा आशावादी छन् । तराईमा अहिले गर्मीले बस्न नसक्ने अवस्था हुँदा गाउँमा शीतल छ । झिम्पामा एक घर एक धारा निर्माण भएपछि शुद्ध खानेपानीको सुविधासमेत थपिएको छ । अव्यवस्थित रूपमा पानीको उपभोग गर्दै आएका झिम्पावासीलाई शुद्ध खानेपानीको सुविधा थपिएपछि बसाइँसराइ रोक्न झनै टेवा पुगेको हो ।

निसीखोला-४ झिम्पाका झण्डै १०० घरमा गत वर्ष गोर्खा वेलफेयर ट्रस्टले घर-घरमा धारा निर्माण गरेर शुद्ध पानी वितरण गरेको हो । झिम्पा खानेपानी आयोजनामार्फत अहिले ९४ घरमा शुद्ध खानेपानी वितरण भइरहेको झिम्पा खानेपानीका अध्यक्ष चक्रबहादुर रोकाले जानकारी दिए । 'पानीको संकट थिएन तर अव्यवस्थित थियो, कहिले आउने कहिले नआउने गर्दथ्यो, अहिले मुहानमै शुद्धीकरणको व्यवस्था छ, पानीलाई प्रशोधन गर्नका लागि मुहानमै व्यवस्थापन भएपछि अहिले घर-घरमा शुद्ध पानी वितरण हुन्छ,' रोकाले भने, 'दुर्गम गाउँका रूपमा चिनिएको झिम्पा अहिले शुद्ध खानेपानी, सडकको पहुँच, दैलोमै राष्ट्रिय राजमार्ग आएपछि फेरिएको छ, यहाँका नागरिकले विकासको महसुस गरेका छन् ।'

स्थानीय झजी बुढामगरले विकास दैलोमै आएपछि गाउँ थप रमाइलो भएको बताए । आम्दानीको स्रोत भए सुविधा खोज्न सहर जान नपर्ने बुढामगरले बताए । गाउँमा अहिले आय आर्जनका लागि व्यावसायिक कागती खेती थालिएको छ । अहिले झिम्पा गाउँका घरघरमै कागती खेतीको लहर आएको छ । यहाँका स्थानीय परम्परागत खेती छाडेर आयआर्जनका लागि कागती खेतीतर्फ आकर्षित भएको स्थनीय कागती किसान रेमबहादुर क्षत्रीले बताए ।

क्षेत्रीका अनुसार अहिले एक घरमा १० कागतीका बोटदेखि ४०० कागतीका बोट लगाउनेहरू छन् । झिम्पागाउँमा प्लास्टिक टनेलमार्फत समेत व्यावसायिक तरकारी खेती गर्न थालिएको हो । राष्ट्रिय सडकको पहुँच पुगेसँगै बजारीकरणको समस्या नभएपछि यहाँका बासिन्दा घाँस दाउरा छाडेर व्यावसायिक कागती खेती, सुन्तला खेती, बाख्रापालन तथा तरकारी खेतीमा आकर्षित भएका छन् । *रासस*

# देउवा दम्पती उपचारका लागि सिंगापुर

**काठमाडौं (प्रस)–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र उनकी पत्नी आरजु राणा देउवा उपचारका लागि सिंगापुर उडेका छन् । सिंगापुर एयरलाइन्सको विमानमार्फत मंगलबार राति देउवा त्यसतर्फ प्रस्थान गरेका हुन् । कांग्रेस केन्द्रीय सदस्यसमेत रहेकी देउवापत्नी आरजु भने सोमबार नै त्यसतर्फ उडेकी छन् ।

देउवाका प्रमुख स्वकीय सचिव भानु देउवाका अनुसार पूर्वप्रधानमन्त्रीसमेत रहेका देउवा दुई-दुई वर्षमा 'फलोअप'मा जानुपर्नेथियो।२०७८ असारमा देउवा प्रधानमन्त्री बनेपछि व्यस्तताका कारण 'फलोअप'का लागि सिंगापुर जाने परिस्थिति बनेन ।

१४औं महाधिवेशन र स्थानीय, प्रदेश र प्रतिनिधिसभाको निर्वाचनका कारण देउवाको 'फलोअप' रोकिएको थियो । देउवाले २०७० यता सिंगापुरको माउन्ट एलिजाबेथ हस्पिटलमा उपचार गराउँदै आएका छन् । पेटमा समस्या रहेको देउवा यसपटक यही रोगको फलोअपका लागि सिंगापुर उडेका हुन् । चार वर्षपछि देउवा दम्पतीको सिंगापुरमा उपचार हुने भएको छ ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## कम्पनी खारेजी सूचना

यस कार्यालयमा २०७२/०८/०७ मा दर्ता भएको प्रा.लि.नं. १४१९२१ को **आर.एस. एम ग्रुप प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०२/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## VACANCY ANNOUNCEMENT

A Reputed Foreign Employment Agency is looking for suitable candidates for the given post.

1. Public Relation Officer (PRO) : 01 *Male/Female*

***Qualification/Experience:***

*- Should have experienced in related work field*
*- Should have good communication skills*
*-Should have passed +2*

SALARY IS NEGOTIABLE!!

**Lucky Human Resource Pvt.Ltd.**
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np
श्रम इजाजत नं. १३०२/०७४/०७५

---

## एलिट मर्चेन्ट क्यापिटल लि.

Elite Capital

का.म.पा-२, लाजिम्पाट, काठमाडौं

**साधारणसभा सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८०/२/२४
दोश्रो पटक प्रकाशित मिति २०८०/२/३१

**एलिट मर्चेन्ट क्यापिटल लिमिटेडको प्रथम वार्षिक साधारणसभा मिति २०८० असार १३ गते कम्पनीको रजिष्टर्ड कार्यालय लाजिम्पाट, काठमाडौंमा बिहान ११:०० बजे बस्ने हुनाले शेयरधनीज्यूहरूलाई उपस्थितीको लागि अनुरोध छ । यस सम्बन्धी विस्तृत सूचना र प्रतिवेदन सबै शेयरधनीको घर ठेगानामा पठाइसकिएको व्यहोरा अनुरोध छ ।**

**छलफलका विषयहरू :**

**सामान्य प्रस्तावहरू :**

१. आ.व. २०७८/७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७८/७९ को नाफानोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने ।
३. संचालक समितिमा संस्थापक समुहबाट ३ जना संचालक निर्वाचित गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७९/८० का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. विविध ।

---

## माइग्रेस प्रमाणपत्र हरायो

मिति २०८०/०१/२४ गते कपन आकाशेधारा देखि चावहिलसम्म जाने क्रममा SLC को र +2 को मेरो निम्न व्यहोरा भएको प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम, थर : सुष्मा पौडेल
SLC को सि.नं. ०३६१९५४ H)
+2 रजिस्ट्रेसन नं: ६४३११२०१२
+2 सिम्बोल नं: ३३११२००३
सम्पर्क फोन : ९८१८६२७६४१, ९८६३६१०६०२

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## कम्पनी खारेजी सूचना

यस कार्यालयमा २०७६/०७/२६ मा दर्ता भएको प्रा.लि.नं. २२८०९५ को **मधुकला अर्गानिक कृषि फार्म प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०२/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी :JETONE INDUSTRIES SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/३० | LT. No.270767 | चलानी नं.६०१८६७८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ६ गते (21st June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६३३/०६३/०६४

**ZIA INTERNATIONAL SERVICES PVT. LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel : +977-1-4116653/ 4116654
E-mail: ziaintls@gmail.com

---

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OUR MIDDLE BUSINESS COMPANY FOE GENERAL CONTRACTING (ONE PERSON COMPANY)

पूर्व स्वीकृति मिति २०८०/०२/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/३० | LT. No 287172 | चलानी नं. ६०२०२४९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1000 | ३५,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ३ गते (18th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com
श्रम ईजाजत नं. ११७७/०७३/०७४

---

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८० साल जेष्ठ महिना ३१ गते बुधबार)

यस विकास बैंक लि.को तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको साँवा, व्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँबा व्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

### तपशिल

**१. शाखा कार्यालय : विरगंज** — **कर्जा शिर्षक : हायर पर्चेज कर्जा**

**ऋणीको विवरण**

नाम : **लालमोहन प्रसाद यादव**
बाबुको नाम : सर्वजित राय यादव
बाजेको नाम : शिव राउत
स्थायी ठेगाना : बारा जिल्ला पिप्राढी वडा नं. ०१
हालको ठेगाना : बारा जिल्ला देवताल गा.पा. वडा नं. ०४
ना.प्र नं. : २११७/२५०३
जारी मिति र जिल्ला : २०६२/०१/१५, बारा

**व्यक्तिगत धनजमानीहरूको विवरण**

१. नाम : **सान्झा देवी**
बाबुको नाम : असर्फी राउत
पतिको नाम : लालमोहन प्रसाद यादव
ससुराको नाम : सर्वजित राय यादव
स्थायी ठेगाना : बारा जिल्ला पिप्राढी वडा नं. ०१
हालको ठेगाना : बारा जिल्ला देवताल गा.पा. वडा नं. ०४
ना.प्र नं. : ३३३०६०/२१०
जारी मिति र जिल्ला : २०६३/१२/०७, बारा

२. नाम : **विरेन्द्र प्रसाद यादव**
बाबुको नाम : मुना राउत अहिर
बाजेको नाम : भोला राउत अहिर
स्थायी ठेगाना : बारा जिल्ला पिप्राढी वडा नं. ०१
हालको ठेगाना : बारा जिल्ला देवताल गा.पा. वडा नं. ०४
ना.प्र नं. : ३३ १०६०/७८६
जारी मिति र जिल्ला : २०६६/०९/०६, बारा

**२. शाखा कार्यालय : विरगंज** — **कर्जा शिर्षक : साना आवास कर्जा**

**ऋणीको विवरण**

नाम : **रानी सिहं**
बाबुको नाम : वन्छु कुमार दनुवार
पतिको नाम : जितेन्द्र कुमार सिहं
ससुराको नाम : राम प्रताप राय दनुवार
स्थायी ठेगाना : सर्लाही जिल्ला नोकैल्वा गा.वि.स. वडा नं. ०४
हालको ठेगाना : बारा जिल्ला जितपुरसिमरा उ.म.न.पा. वडा नं. ०६
ना.प्र नं. : ६५७६५२९६
जारी मिति र जिल्ला : २०६०/०३/१५, सर्लाही

**व्यक्तिगत धनजमानीहरुको विवरण**

१. नाम : **जितेन्द्र कुमार सिंह**
बाबुको नाम : राम प्रताप राय दनुवार
बाजेको नाम : छठुराम राय
स्थायी ठेगाना : सर्लाही जिल्ला नोकैल्वा गा.वि.स. वडा नं. ०४
हालको ठेगाना : बारा जिल्ला जितपुरसिमरा उ.म.न.पा. वडा नं. ०६
ना.प्र नं. : ६५७६४३१५
जारी मिति र जिल्ला : २०५०/०३/११, सर्लाही

**व्यक्तिगत धनजमानीहरूको विवरण**

२. नाम : **मिश्री कुवँर दनुवार**
बाबुको नाम : वन्छु कुमार दनुवार
बाजेको नाम : भुटेली कुमर दनुवार
स्थायी ठेगाना : बारा जिल्ला भ. जितपुर गा.वि.स. वडा नं. ०४
हालको ठेगाना : बारा जिल्ला जितपुरसिमरा उ.म.न.पा. वडा नं. ०६
ना.प्र नं. : २१२४३
जारी मिति र जिल्ला : २०६३/०४/१५, बारा

३. नाम : **उदयप्रसाद कल्वार**
बाबुको नाम : पन्नालाल साह
बाजेको नाम : इनजित साह
स्थायी ठेगाना : बारा जिल्ला भ. जितपुर गा.वि.स. वडा नं. ०३
हालको ठेगाना : बारा जिल्ला जितपुरसिमरा उ.म.न.पा. वडा नं. ०६
ना.प्र नं. : २७३७/५३०
जारी मिति र जिल्ला : २०५५/०३/२९, बारा

**३. शाखा कार्यालय : लम्की** — **कर्जा शिर्षक : साना उद्यम कर्जा**

**ऋणीको विवरण**

नाम : **जानकी रावल**
बाबुको नाम : हर्क बहादुर रावल
पतिको नाम : पदम बहादुर बयक
ससुराको नाम : नयाँराम बयक
स्थायी ठेगाना : अछाम जिल्ला पुल्तोला गा.बि.स. वडा नं. ०५
हालको ठेगाना : कैलाली जिल्ला टिकापुर न.पा. वडा नं. ०१
ना.प्र नं. : २२३४९
जारी मिति र जिल्ला : २०५८/१२/२७, अछाम

**व्यक्तिगत धनजमानीहरूको विवरण**

१. नाम : **पदम बहादुर बयक**
बाबुको नाम : नयाँ राम बयक
बाजेको नाम : खैरे बयक
स्थायी ठेगाना : अछाम जिल्ला भैरबस्थान गा.बि.स. वडा नं. ०९
हालको ठेगाना : कैलाली जिल्ला टिकापुर न.पा. वडा नं. ०१
ना.प्र नं. : २९८७७
जारी मिति र जिल्ला : २०६०/१२/२०, अछाम

३. नाम : **प्रकृती बिक्रम शाही**
बाबुको नाम : उपेन्द्र बिक्रम शाही
बाजेको नाम : मनि जंग शाही
स्थायी ठेगाना : बाजुरा जिल्ला जुकोट गा.वि.स वडा नं. ०४
हालको ठेगाना : कैलाली जिल्ला :टिकापुर न.पा. वडा नं. ०१
ना.प्र नं. : ३८५६
जारी मिति र जिल्ला : २०६३/०१/२१, काठमाडौ

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Central Office: Kathmandu Plaza, Kamaladi, Kathmandu,
Toll Free No.: 16600149999, E-mail:info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values
Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

---

## चौरजारही नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

चौरजारही, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

## ठेक्का स्वीकृतीको आशयको सूचना

प्रकाशित मिति: २०८०।०२।३१

प्रस्तुत बिषयमा मिति २०८०।०१।२७ गते दोस्रो पटक यस कार्यालयवाट प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मुल्याङ्कन समितिबाट तपशिल बमोजिम बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभुत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र.सं | ठेक्का नं. | आयोजनाको नाम र स्थल | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फमको नाम र ठेगाना | कबोल अंक (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| 1 | CJM/GOODS/ NCB/15/079/080 | Procurement of Supply, Delivery of Raw Materials Garment Industry Chaurjahari Municipality-11, Rukum (West) | Care Trade Centre, Narainapur RM-05 Matehiya, Banke | Nrs.35,86,563.50 |

नि. प्रमुख प्रशासकीय अधिकृत
चौरजारही नगरपालिका

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# अनुसन्धान प्रभावित पार्ने अस्त्र नबोस् आँसु

पशुपतिमा सुनको जलहरी राख्दा भ्रष्टाचार भएको विषयमा अहिले अख्तियार अनुसन्धान आयोगले अनुसन्धान जारी राखेको छ । संसद्मा माओवादी सांसद लेखनाथ पौडेलले जलहरीमा सुन हैन पित्तल लगाएको आरोप लगाएपछि यो विषयले थप चर्चा पाएको हो । अहिले यो मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको छ । यस विषयमा पशुपति विकास कोषका सदस्यसचिव मिलनकुमार थापासँग अख्तियारले यसअघि नै बयान लिइसकेको छ ।

जलहरीमा ११ केजी सुन घोटाला भएको आरोप छ । यो घोटाला प्रकरणमा कोषकै पदाधिकारी संलग्न रहेको आरोप लगाइएको छ । ०७७ माघ १२ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पशुपतिनाथ मन्दिर पुगेर 'संकल्प पूजा' गरेर करिब १ अर्ब रूपैयाँ लागतमा जलहरी राख्ने घोषणा गर्दै त्यसका लागि सरकारले ३० करोड दिने बताएका थिए । लगत्तै पशुपति क्षेत्र विकास कोषले सरकारले दिने रकममा ५० करोड आफैं थपेर १०८ केजीको जलहरी राख्ने निर्णय गरेको थियो । लगत्तै राष्ट्र बैंकसँग सुन किनेर जलहरी पनि राखियो । सुनको जलहरी राख्ने भएपछि बागमती प्रदेशका तत्कालीन प्रदेश सभा सदस्य नरोत्तम वैद्य र अधिवक्ता निकिता ढुंगानाले जलहरी नराख्न माग गर्दै सर्वोच्चमा मुद्दा हालेका थिए । मुद्दा परे पनि तयारी अवस्थामा राखिएको सुनको जलहरी कोषले तत्कालै राख्यो ।

जलहरी राखिएपछि १० किलो सुन हिनामिना भएको आरोप लाग्यो र अख्तियारमा मुद्दा पर्‍यो । यस विषयको कुनै टुंगो नलागेको अवस्थामा मंगलबार संघीय संसद् राष्ट्रिय सभाअन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समितिले जलहरी प्रकरणबारे बुझ्न कोषका सदस्यसचिव थापालाई बैठकमा डाकेको थियो । जलहरी राख्ने समितिका संयोजकसमेत रहेका थापाले आफू दोषी नरहेको भन्दै आँसु पुछ्दै फाँसीमा चढ्न तयार रहेको जिकिर गरे । आफ्नो दुई सन्तान रहेको उल्लेख गर्दै थापाले आफूलाई पत्रकारले सुन चोर भनेर आरोप लगाउँदा गाउँमा टिकिनसक्नु भएको गुनासो गरे । 'के मैले पनि आत्महत्या गर्नुपर्ने हो माननीय ज्यूहरू ?' भ्रष्टाचारजस्तो जघन्य आरोपमा थापाले सांसदहरूसँग इमोसनल प्रश्न गरे । सुनको जलहरीमा सेना खटिएको र सेनाको विश्वास गर्नुपर्ने तर्क उनको रह्यो । थापाले सुन जोख्ने र माइन्युट लेख्ने कुरामा गल्ती भएको जिकिर गरेका छन् । अहिले १० केजी सुन भगवानले पहिरेर राखेको भन्दै थापाले जोखेर नपुगे आफूलाई मृत्यु दण्ड दिए हुनेसमेत बताएका छन् । भ्रष्टाचारको विषयमा भावनामा बगेर छानविन प्रभावित पार्ने काम गर्नुहुन्न । यस्तो विषयमा निष्पक्ष छानबिन अगाडि बढाओस् । समयमा न्याय नहुनु पनि अन्याय हो । त्यसैले चाँडोभन्दा चाँडो यस विषयको वारपार होस् । दोषीलाई जोगाउने वा निर्दोषलाई दुःख दिने नियतले अनुसन्धान नलम्बियोस् । सत्यतथ्य पत्ता लगाएर दोषी ठहर भए नेपालको कानुनअनुसार कारबाही होस् ।

## मननयोग्य

### चाणक्य नीति

चन्द्रगुप्त हिँडिसकेपछि धेरै समयसम्म चाणक्य सोच्न बाध्य भए । उनले आफ्ना अनुचर शंकरदेवलाई बोलाई भने- ' तिमी तुरुन्तै जाऊ आजै मुरालाई लिएर आऊ भन्नु आचार्य वात्स्यायनले बोलाएको छ ।' आज्ञा पाई शंकरदेव गए । चाणक्य फेरि आफ्नो विचारमा मग्न भए ।

सोच्दै, हात पारेको शत्रुलाई छोड्नु पाप हो चन्द्रगुप्त महानन्दको वध गर्न चाहँदैन, महानन्द जीवित हुनुको अर्थ चन्द्रगुप्तको मृत्यु अनि मेरो प्रतिज्ञा त्यो पनि थाहा छैन के हुन्छ ? यो समय चुक्ने समय होइन भोलि सूर्योदयका साथसाथै महानन्दको वध गराउनुपर्छ । अनि यो हत्याराका रगतले मेरो पिताको तर्पण गर्न सक्छु । ...कौटिल्यको प्रतिज्ञा भोलि अवश्य पूर्ण हुन्छ ।

सन्ध्या सकिन लागेको थियो । शंकरदेव मुरालाई लिएर चाणक्यका कुटीमा प्रवेश गरे । प्रणामपछि मुरालाई आफ्ना आसनको छेउमा बसाले ।

मुरा- महात्मन् ! के आज्ञा छ ? अपर्झट यो समयमा किन बोलाइयो ? चाणक्य- आपतमा शक्तिको आवश्यकता पर्छ । तिम्रो नामको राज्य स्थापना गर्ने इच्छा छ । तिमीले आफ्नो मुटुलाई ढुंगाजस्तो पार्नुपर्छ ।

मुरा- किन छकाउँदै हुनुहुन्छ, स्पष्ट भनिदिनोस् ।

चाणक्य- स्पष्ट छ, महानन्द बन्दी भएको छ, मगधमा चन्द्रगुप्तको अधिकार छ, अलिकति हृदय बलियो बनाई भोलि महानन्दलाई वध गर्ने आज्ञा दिन तयार हुनुपर्छ ।

मुरा- यो के भन्दै हुनुहुन्छ एउटी पत्नी आफ्नो पतिको वध गर्ने आज्ञा पुत्रलाई देओस् । यो कसरी सम्भव हुन्छ ?

चाणक्य- हेर्नोस् देवी ! तपाईंको यही पतिले तपाईं र चन्द्रगुप्तको कस्तो अवस्था बनायो । यो अधमले सयौं नारीलाई बरबाद पार्‍यो । के यस्तो जीवले बाँचिरहनु उचित हुन्छ ? यदि महानन्द जीवित भयो भने भोलि तिम्रो पुत्र चन्द्रगुप्तको वध गर्नेछ । उसमा तिमी वा तिम्रो पुत्रका लागि कुनै स्नेह छैन ।

मुरा सोच्न लागिन् । अन्त्यमा लामो निःश्वास लिँदै चाणक्यको कुरा स्वीकार गरिन् ।

यसरी मगधको एक क्रुर विलासी शासकको अन्त्य भयो । चाणक्यको प्रतिज्ञा पनि पूर्ण भयो अनि चाणक्यले आफ्नो शिखा (टुप्पी) गाँठो पारी आफ्ना पितालाई तर्पण गरे । क्रमशः

# महानगरको निर्णय र सवारीसाधन व्यवस्थापनमा समस्या



▶▶ भीमज्वाला राई

> नयाँ बसपार्क अपायक स्थानमा छ । यो बसपार्क कुनै पनि दृष्टिकोणबाट उपयुक्त स्थानमा छैन । काठमाडौं भित्रिने र बाहिरिने मुख्य नाका कोटेश्वर, कलंकी, बल्खु हो । बसपार्कहरु सहर प्रवेश नाका आसपास हुनुपर्दछ । सहर भित्रिने र बाहिरिने सवारीसाधनहरु सकेसम्म सहर पार गर्नु नपरोस् । तर, नयाँ बसपार्क मुख्य नाकाको ठीकविपरीत दिशामा अवस्थित छ । कलंकी नाकाबाट बसपार्क करिब आठ किलोमिटर दूरी, बल्खु नाकाबाट करिब १० किलोमिटर दूरी र कोटेश्वर नाकाबाट करिब १४ किलोमिटर दूरीमा रहेको छ । महानगरपालिकाले नयाँ बसपार्कको विकल्प तयार गर्दै जानु पर्दछ ।

काठमाडौं भित्रिने र बाहिरिने लामो, मध्यम र छोटो दूरीका सम्पूर्ण सवारीसाधनहरू गोंगबुस्थित नयाँ बसपार्कभित्र लैजानुपर्ने, यात्रु चढ्न र ओर्लन बसपार्क नै पुग्नुपर्ने, टिकट बुकिङ काउण्टर बसपार्कभित्रै लैजानुपर्ने बसपार्कबाहेक अन्यन्त्र टिकट काट्न नपाइने विषयमा काठमाडौं महानगरपालिकाले निर्णय गरेको छ । २०८० साल वैशाख २९ गते काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहको उपस्थितिमा र जेठ १४ गते महानगरका ट्राफिकविज्ञ जगतमान श्रेष्ठको उपस्थितिमा भएका निर्णयअनुसार असार १ गतेदेखि अनिवार्य कार्यान्वयन गर्ने भन्दै जेठ १९ गते महानगरले सूचना प्रकाशित गरेको छ ।

महानगरपालिकाको यस निर्णयले यात्रुलाई असुविधा हुने, काठमाडौंमा ट्राफिक समस्या बढ्ने, यातायात व्यवसायीलाई सास्ती हुने र श्रमिकहरूको रोजीरोटी खोसिने जनाउँदै निर्णय र सूचना सच्याउन सरोकारवालाहरूले महानगरसँग अनुरोध पनि गरेका छन् । सार्वजनिक सवारीसाधनबाट दैनिक काठमाडौं छाड्ने यात्रुहरूको संख्या करिब ७५ हजार हुन आउँछ र भित्रिनेको संख्या पनि सोही अनुपातमा हुने अनुमान गर्न सकिन्छ । निर्णयअनुसार ती यात्रु उपत्यकाका जुनसुकै स्थानको भए पनि टिकट काट्न बसपार्क पुग्नुपर्ने हुन्छ । सवारीसाधन चढ्न बसपार्क पुग्नुपर्ने हुन्छ । ओर्लिन बसपार्क नै पुग्नुपर्ने हुन्छ । यसले हजारौं सर्वसाधारण जनतालाई समस्यामा पार्नेछ । सार्वजनिक सवारीसाधन गरिब जनताका साधन हुन् । यो निर्णयले यात्रुलाई हैरानी हुनेछ भने समयको बर्बादी र आर्थिक भार पनि बढाउनेछ ।

**बसपार्कको क्षमता र सवारीसाधन**

सैद्धान्तिकरूपमा बसपार्कमा सवारीसाधनहरू जानुपर्छ, यात्रुहरू बसपार्कबाटै यात्रा गर्नुपर्छ भन्ने विषयलाई नराम्रो भन्न मिल्दैन । तर, नयाँ बसपार्कको पार्किङ क्षमता ७०० सवारीसाधनमात्रै हो । महानगरको निर्णयअनुसार लामो, मध्यम र छोटो दूरीमा चल्ने सबै सवारीसाधनहरू बसपार्क भित्र्याउने हो भने पार्किङ गर्ने विषय परको कुरो, चढाउने र ओराल्नेमात्रै गर्न पनि नयाँ बसपार्कले धान्न सक्दैन ।

सामान्यतया बिपी राजमार्ग भएर पूर्व चल्ने सवारीसाधनहरू करिब दुई हजार, पूर्वअरनिको यातायात प्रालिका करिब ६००, पूर्व चल्ने रात्रि तथा दिवा सेवा करिब २०० बल्खुबाट तराई चल्ने सुमो करिब ८००, पनौती-धुलिखेलका करिब ४००, पृथ्वी राजमार्ग चल्ने करिब ४००, पश्चिम चल्ने करिब ७००, पासाङ ल्हामु राजमार्गमा चल्ने करिब २०० गर्दा करिब करिब पाँच हजार सवारीसाधनहरू हुन आउँछ । बसपार्कको विस्तार र व्यवस्थापन नगरी यही अवस्थामा सबै सवारीसाधनहरू बसपार्क जानैपर्छ भन्नु व्यावहारिक हुँदैन ।

**ट्राफिक समस्या र कोलाहलमय बसपार्क**

कोटेश्वर, गौशाला, चावहिल, सुकेधारा, सातदोबाटोले धानिरहेको बिपी राजमार्गबाट पूर्व जाने सवारीसाधनहरू, पूर्व अरनिको यातायात प्रालिका बस, पूर्व चल्ने रात्रि तथा दिवा सेवाका बस, बल्खुबाट तराई चल्ने सुमो, पनौती, धुलिखेलका बसहरू करिब १० देखि १४ किलोमिटर चक्रपथ घुमेर बसपार्क जानुपर्दा यसको असर उपत्यकाका सडकमा प्रत्यक्ष पर्ने निश्चित छ ।

महानगरको यो निर्णय गर्दा उपत्यकाको ट्राफिक व्यवस्थापनका लागि भनिएको छ । तर, उल्टै यसले अस्तव्यस्त पार्नेछ । अहिले पनि सहरको कुनै क्षेत्रमा यातायात सञ्चालनमा कुनै समस्या आए दिनभर पूरै उपत्यका असर पर्ने गर्दछ । त्यसैले चक्रपथमात्रै होइन, काठमाडौं उपत्यकाका सबै सडक ट्राफिक समस्याले तहसनहस बन्ने देखिन्छ । हजारौं यात्रु गन्तव्यका लागि सवारीसाधनको खोजीमा भौतारिनुपर्ने हुन्छ भने ती सवारीसाधनका श्रमिक तथा सवारीसाधनहरू पनि असुरक्षित हुने अवस्था आउने निश्चित छ ।

**टिकट काउण्टर व्यवस्थित गर्नुपर्छ, हटाउने होइन**

बसपार्कबाहेक अन्यन्त्र टिकट काट्न नपाइने, कोटेश्वर, कलंकी, गौशाला, चावहिल, बल्खु, जोरपाटीलगायतका स्थानका बुकिङ काउण्टर बसपार्कभित्रै लैजानुपर्ने निर्णय अव्यावहारिक छ । यो निर्णयले हवाईजहाज चढ्न विमानस्थलमै गएर टिकट काट्नुपर्छ बाहिरको ट्राभलमा काट्न पाइँदैन भनेजस्तै हुन्छ । यसको असर सबैभन्दा धेरै सर्वसाधारण यात्रुलाई पर्छ । विभिन्न प्रालिद्वारा चक्रपथ आसपास रहेका ३०० टिकट काउण्टर र त्यहाँ काम गर्ने करिब एक हजार ५०० श्रमिकको रोजीरोटी खोसिन्छ । हटाउने होइन काउण्टर सञ्चालनलाई व्यवस्थित गर्नुपर्छ ।

कानुनअनुसार दर्ता भएका यातायात कम्पनीहरूले मात्रै काउण्टर सञ्चालन गर्ने, एक कम्पनी एक काउण्टर, एक काउण्टर एक टिकट नीति बनाउने, काउण्टरमा एउटै साइजको बोर्ड राख्ने, श्रमिकको पहिचान खुल्ने परिचयपत्र तथा पोसाक लगाएरमात्रै काउण्टरमा काम गराउन आवश्यक छ । त्यस्तै, यात्रुहरूले ठगिनु नपरोस् भनेर काउण्टरमा गन्तव्य स्थानको मात्रै नाम लेख्ने, यात्रुहरूले देख्ने गरी भाडा दररेटको सूची राख्ने, बस छुट्ने समय यात्रु आइपुग्नुपर्ने समय बोर्डमा लेख्ने, यात्रुलाई मेसेज गर्ने, अशक्त, असहाय, अपांगता भएका, ज्येष्ठ नागरिक, बालबालिका र महिलामैत्री हुनेगरी सञ्चालन गर्न सकिन्छ । यात्रुहरूको गुनासा तथा सुझावका लागि काउण्टरमा सुझाव पेटिका राख्ने, प्रशासनिक सहायताका लागि प्रहरीको टोल फ्री नं काउण्टरमा राख्ने र जनसरोकारका विषयमा प्रशासन तथा सरोकारवालाहरूसहित सबैको सहभागितामा समस्याहरूको समाधान गर्ने गरी काउण्टरहरूलाई व्यवस्थित गर्न सकिन्छ ।

**वैकल्पिक बसपार्क निर्माणको तयारी**

नयाँ बसपार्क अपायक स्थानमा छ । यो बसपार्क कुनै पनि दृष्टिकोणबाट उपयुक्त स्थानमा छैन । काठमाडौं भित्रिने र बाहिरिने मुख्य नाका कोटेश्वर, कलंकी, बल्खु हो । बसपार्कहरू सहर प्रवेश नाका आसपास हुनुपर्दछ । सहर भित्रिने र बाहिरिने सवारीसाधनहरू सकेसम्म सहर पार गर्नु नपरोस् । तर, नयाँ बसपार्क मुख्य नाकाको ठीकविपरीत दिशामा अवस्थित छ ।

कलंकी नाकाबाट बसपार्क करिब आठ किलोमिटर दूरी, बल्खु नाकाबाट करिब १० किलोमिटर दूरी र कोटेश्वर नाकाबाट करिब १४ किलोमिटर दूरीमा रहेको छ । महानगरपालिकाले नयाँ बसपार्कको विकल्प तयार गर्दै जानु पर्दछ । पश्चिमबाट काठमाडौं प्रवेश गर्ने सवारीसाधनका लागि नागढुंगा नाका आसपासमा बसपार्क व्यवस्था गर्नुपर्दछ, पूर्वबाट काठमाडौं प्रवेश गर्ने सवारीसाधनहरूका लागि कोटेश्वरदेखि सल्लाघारी आसपासमा बसपार्क व्यवस्था गर्नुपर्छ । त्यस्तै, दक्षिणकाली नाकाबाट काठमाडौं प्रवेश गर्ने सवारीसाधनका लागि बल्खुदेखि चोभार आसपासमा बसपार्कको व्यवस्था गर्नुपर्दछ । साँखु, नाङ्लेभारे नाका लागि जोरपाटी आसपास बसपार्क बनाइनुपर्दछ । हाल रहेको नयाँ बसपार्कलाई नुवाकोट, रसुवा नाका तथा सिटी बसपार्कको रूपमा व्यवस्थित गर्न सकिन्छ ।

निर्णय आमसर्वसाधारण, श्रमिक र व्यवसायीहरूको अहितमा छ, स्वयं महानगर र बसपार्क सञ्चालन गरिरहेको कम्पनीको पनि अहितमा छ भन्ने महानगरपालिकालाई पनि अवगत हुनुपर्छ । यस निर्णयले कुनै कम्पनीलाई पार्किङ शुल्क र काउण्टर भाडाको आयसँग जोडिएको अनुमान बजारमा धेरैले गरेकाले एउटा कम्पनीको स्वार्थसँग महानगरले यति गम्भीर निर्णय गर्न सक्दैन भन्ने भनाइ पनि रहेको छ । बसपार्कको क्षमता वृद्धि र थप संरचना निर्माण नगरी अहिलेकै अवस्थामा यति धेरै सवारीसाधनको व्यवस्थापन गर्न चुनौतीपूर्ण हुनेछ ।

**अन्त्यमा**

यी विषयहरू सार्वजनिक सरोकारका विषय हुन् । महानगरपालिका यो महत्त्वपूर्ण विषयमा गम्भीर र जिम्मेवार हुनु पर्दछ । वैकल्पिक बसपार्क सञ्चालन, टिकट काउण्टर व्यवस्थापन र यात्रुमैत्री बनाउने विषयमा महानगरले मापदण्ड बनाउन जरुरी छ । महानगरले बनाएका मापदण्डहरूलाई व्यवसायी र श्रमिकले इमान्दारीपूर्वक पालना गर्नुपर्छ । तर यात्रु र सवारीसाधन सबैलाई प्रभाव पार्ने निर्णय गर्दा त्यसको असरहरूबारे अध्ययन र सरोकारवालाहरूसँग पर्याप्त छलफल नगरी गरिएको निर्णय कार्यान्वयन गर्न कठिन हुन्छ । यसले अनावश्यक विवाद ल्याउँछ । सरकारले नागरिकको आवाज सुन्नुपर्छ । सरोकारवालाहरूलाई साथसाथै लिएर समृद्ध र सुन्दर सहर बनाउन लाग्नुपर्छ । *रासस*

***(लेखक राई नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका अध्यक्ष हुन्)***

## पत्र-मञ्जुषा

# सांसद र सरकारको आँखा कहिले खुल्छ ?

'एउटा नबिग्रिकन अर्को सप्रिँदैन' भन्ने उखान नेपाली समाजमा निकै प्रख्यात छ । चाहे त्यो व्यक्ति व्यक्तिमा होस् चाहे राष्ट्रराष्ट्रमा । एउटा नसकिकन अर्को माथि जाँदै जाँदैन । व्यक्ति सकाउनका लागि उसको घरमा किचिलो बनाइदिन्छन्, राष्ट्र सकाउनका लागि राजनीतिमा । तर, कतिपयले यो कुरा बुझ्दै बुझ्दैनन् । अरुले उचालेको भरमा उचालिने व्यक्ति होस् या राष्ट्र त्यो धेरै बेर टिक्न सक्दैन । हिजो राजनीति परिवर्तन गर्ने बेलामा नेपालका नेताहरू भारतमा लुकेका थिए ।

नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रका नेताहरूले भारतकै योजनाअनुसार राजनीति परिवर्तन गरे । पञ्चायती व्यवस्था फालेर बहुदलीय व्यवस्था ल्याइयो । नेताहरूले लुकेरै जनता उचालेर सडकमा ल्याए । त्यत्रो सहिद भए । सबै जनता आफ्नो विरोध उत्रिएपछि राजाले समेत घुँडा टेक्नुपर्‍यो । मुलुकको अनुहार फेरिएला भनेर लागेका जनतालाई अहिले आएर थकथकी लागेको छ । किनकि जनताले सोचेकोभन्दा ठ्याक्कै उल्टो गतितिर नेताहरू लागे ।

नेताहरूले आफ्नो सिद्धान्त, विचार सबै छोडेर देश बेचेरै भए पनि कमाउनुपर्छ भन्नेमात्र सोचे । अरुले सेयर दलाल गर्छन्, जग्गा दलाल गर्छन् तर हाम्रा देशका नेताहरू 'देश दलाल' गर्छन् । केपी शर्मा ओली, पुष्पकमल दाहाल, शेरबहादुर देउवा, माधवकुमार नेपाल, उपेन्द्र यादवलगायतका सबै नेताहरूले आज मुलुक तहसनहस बनाए ।

भारत र चीनले सयौं वर्ष अघिदेखि नेपालको जमिन कब्जा गर्दै आएका छन् । लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा, कीर्तिमान विष्ट, मरिचमान श्रेष्ठ प्रधानमन्त्री हुँदा पनि भारत र चीनले धेरै नेपाली भूमि अतिक्रमण गरेको छ । यो क्रम अहिले पनि जारी नै छ । उनीहरू दादागिरी देखाउँदै अर्काको जमिन कब्जा गर्ने अनि नेपालका नेताहरू टुलुटुलु रमिते बनेर हेर्ने । भारत र चीनले जति नेपालको जमिन कब्जा गरेको छ, त्यो अहिलेको सदनले फिर्ता ल्याउन सक्दैन ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल पनि शान्ति कार्यमा खटिन्छ । तर, यो त नौटंकीजस्तो देखिँदैन र ? किनकि नेपाली सेनाले आफ्नै देशको जमिनको संरक्षण गर्न सकिरहेको छैन । सशस्त्र र नेपाली प्रहरीले पनि मुलुकको जमिन बचाउन असमर्थ छ । अहिले जति पनि सेनाको ब्यारेक छ त्यो राजधानीको मुटुमा छ । अन्य जिल्लामा पनि सदरमुकाममा ब्यारेक ठडयाइएको छ । प्रहरी र सशस्त्र पनि सेवासुविधाको भोगी भए । जनताले तिरेको करबाट मासिक तलब खाएका छन् तर काम केही गर्दैनन् ।

छिमेकीहरूले रातारात सीमा सारेर नेपाल सिध्याइरहेका छन् । तर, सुरक्षा निकायहरू अझै पनि हात बाँधेर बसेको छ । राष्ट्रको सुरक्षा नै गर्न नसक्ने सुरक्षाकर्मीहरू किन चाहियो ? जनताले तिरेको कर बढी भएको छ र, सित्तैमा बिहान बेलुका भात खुवाउन र मासिक तलब दिन । सुरक्षा निकाय काम नै नगरी तलबभत्ता खाने ठाउँ बन्न पुगेको छ । देशको सदन हेर्‍यो भने ' चिडियाखाना' जस्तै लाग्छ । मुलुकको भूमि जोगाउने, जनताको हकहितमा आवाज उठाउनेभन्दा पनि झगडा गर्नमै सांसदहरू व्यस्त छन् ।

एकअर्कामाथि हिलो छ्याप्नेबाहेक अरु केही गर्दैनन् । यी सांसदलाई नेपालको क्षेत्रफल कति थियो र अहिले कति छ ? भन्ने नै थाहा छैन । कोही अमेरिकन नागरिक सदनमा पुगेका छन् त कोही अमेरिकी दलाली । कसैलाई राजतन्त्रको पक्षमा भक्तिगान गाएर फुर्सद छैन । कोही पार्टीको अध्यक्षको झोले भएको प्रमाण सदनमा दिइरहेका छन् । अनि यस्ता सांसदले मुलुकको अनुहार फेर्छन् ? देशको संरक्षण गर्छन् ? जो आफ्नो खुट्टामा उभिन जान्दैन्, ऊ देशको लागि लड्ने रे ।

यस्ताको हातको देशको चाबी सुम्पिनु नै गलत भएको छ । देश जोगाउनका लागि पहिले राष्ट्रप्रति प्रेम हुनुपर्छ । जनताले विरोध नगर्ने र यिनीहरूले मौका पाए भने देश नै अन्य मुलुकलाई बेचेर हिँडिदिन्छन् । मुखमा राष्ट्रियता झुण्डाउँदैमा केही हुनेवाला छैन् । काम पनि राष्ट्रियता साबित हुने गरी गर्नुपर्‍यो नि । यस्ता नेता पाएर नेपाली जनतालाई यतिबेला धिक्कार लाग्न थालेको छ । वास्तवमै भन्ने हो भने यिनीहरूसंग बोल्ने शैलीको समेत अभाव छ ।

सदन के हो ? र त्यसको काम के हो ? भन्ने नै सांसदहरूलाई थाहा भएन् । कोही बाहिर गाली गर्न नपाएर सदनमा आएकोजस्तो देखिन्छ । कोही आफ्नो पार्टीको अध्यक्षलाई जथाभावी गाली नगर्न भन्दै सदनमा उभिएर बोल्छन् । झगडा नै गर्ने हो भने सदनमा किन आउनुपर्‍यो ? जनताले तिरेको कर खेरमात्र गइरहेको छ ।

देशमा खाद्य संकट देखिइसकेको छ । अब घर भत्काएर खेती गर्ने ? सरकारले दिगो सोचाइ राखेन । जसको नतिजा हामीले अब छिट्टै भोग्नेछौं । देश थप जटिल अवस्थामा जान्छ । सांसद र सरकारको आँखा कहिले खुल्छ ? उनीहरूको आँखामा छिमेकी देशले पट्टी बाँधेका छन् । त्यो पट्टी खोल्न ढिला भइसकेको छ ।

*- अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# बेपत्ता नगरप्रमुखविरुद्ध ७६८ उजुरी

**बलेवा–** केही दिनयता जिल्ला प्रहरी कार्यालय बागलुङको परिसरमा भीडभाड छ । कार्यालयका सूचना अधिकारीसमेत रहेका प्रहरी नायब उपरीक्षक मदन केसीलगायतका प्रहरी अधिकृत इमेज सहकारी पीडितका गुनासो सुन्नमै व्यस्त छन् ।

पीडितले दिएका निवेदन लिने र दर्ता गर्ने उनीहरूको दैनिकी बनेको छ । बागलुङमा कार्यालय सञ्चालन गरेका इमेज बचत तथा ऋण सहकारी संस्था र शिव शिखर बहुउद्देश्यीय सहकारी संस्थाका संस्थापक अध्यक्ष देवकुमार नेपालीविरुद्ध हालसम्म ७६८ वटा उजुरी परेका छन् ।

ढोरपाटन नगरपालिकाका प्रमुखसमेत रहेका नेपाली जेठ ५ देखि सम्पर्कमा छैनन् । इमेज सहकारीका संस्थापक अध्यक्ष नेपालीसहित कार्यवाहक अध्यक्ष डोरबहादुर परियार, सचिव सुनिल नेपाली, कोषाध्यक्ष लक्ष्मी सेन र सञ्चालक सदस्य चित्रबहादुर भण्डारी, रूपा विक र झगबहादुर शाहीलाई ७ वैशाखमा गृह मन्त्रालयले यात्रा अनुमतिमा रोक लगाएको थियो । हालसम्म उनीहरू बेपत्ता छन् ।

'नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धानले खोजी गरिरहेको छ, तर कोही भेटिएका छैनन्,' प्रहरी नायब उपरीक्षक मदन केसीले भने, 'उजुरी गर्नेहरू राति ८ बजेसम्म लाइनमा हुन्छन्, केही दिन भयो हाम्रो कार्यालय भीडले भरिएको छ ।'

बचतकर्ताको दुई अर्ब रूपैयाँभन्दा बढी रकम हिनामिना गरेको आरोप नेपालीमाथि छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले जेठ १६ गते उनीसहित पदाधिकारीले बचतकर्ताको अर्बौं रकम अपचलन गरी संगठित ठगी गरेकाले उनीहरूविरुद्ध उजुरी लिन पत्राचार गरेको थियो । *रासस*

# कोशीमा 'लम्पीस्किन'को प्रकोप: ८५ हजार पशुमा संक्रमण

**बेलबारी (प्रस)–** कोशी प्रदेशका ८५ हजार पशुमा लम्पीस्किन संक्रमण पुष्टि भएको छ । जसमध्ये एक हजार १०० पशु मरिसकेको उद्योग कृषि तथा सहकारी मन्त्रालयले जानकारी दिएको छ ।

मोरङको उत्तरी भेगका गाईभैंसीमा 'लम्पीस्किन' रोगको संक्रमण बढ्दो छ । चरनका लागि जंगल जाने गाईभैंसीमा बढी मात्रामा संक्रमण देखिएको बेलबारीका पशु विकास अधिकृत बाबुराम बस्नेतले बताए ।

बेलबारी-११ लक्ष्मीमार्गका चक्रप्रसाद न्यौपानेका गोठका पाँचवटै गाईबाच्छा लम्पीस्किन रोगबाट संक्रमित छन् । संक्रमितमध्ये एउटा बाच्छो मरिसकेको न्यौपानेले बताए । उनका जस्तै गाउँका धेरै गाईभैंसी संक्रमित भएका छन् ।

पशु विकास अधिकृत बाबुराम बस्नेतका अनुसार बेलबारीमामात्रै २०० भन्दा धेरै गाईगोरुमा लम्पीस्किन रोगको संक्रमण देखिएको छ र केही भैंसीमा पनि लक्षण देखिएको बताए ।

पशुको छालामा अचानक नयाँ खालको संक्रमण देखिनु, गिर्खा आउनु, घाउजस्तो भएर पिप बग्नु, उच्च ज्वरो आउनु लम्पीस्किन रोगका लक्षण भएको भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र मोरङका वरिष्ठ पशुसेवा अधिकृत डा. अजय शाहको भनाइ छ ।

मोरङको १७ वटै पालिकामा संक्रमण फैलिएको र जसमध्ये लेटाङका धेरै पशुमा रोगको संक्रमण देखिएको उनले बताए । रोगी पशुको उपचार खोपमात्रै भएको भन्दै उनले हाल धेरै पालिकामार्फत खोप उपलब्ध गराउन थालिएको छ ।

## राहदानी हरायो

मिति २०८०/०१/२४ गते कपन आकाशेधारा देखि चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम, थर : सुष्मा पौडेल**
**राहदानी नं : ०८२५९०३८**
**ठेगाना: कोहल्वी, बारा**
**सम्पर्क फोन : ९८१८६२७६४१, ९८६३६१०६०२**

## माईग्रेसन हराएको सूचना

मिति २०८०/०२/१० गते स्वयम्भूदेखि वानेश्वरसम्म जाँने क्रममा मेरो निम्न व्यहोरा भएको **+2** को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : आकास गिरी**
**NEB रजिस्ट्रेसन.नं.: ७८३२७०२९००७१**
**सिम्बोल.नं.: २२७०६६१३ (२०७९)**
**९२७०१६११ (२०७९)**
**ठेगाना.: काठमाडौं**
**सम्पर्क: ९८२३८६२८९७**

## गोलिया काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**(प्रकाशित मिति : २०८०/०२/१३)**

यस वेतझोरी सामुदायिक वन उपभोक्ता समुह कनपा-१ सिन्धुलीबाट आव २०७९/०८० मा उत्पादन भै हातिवन्दा खहरे कमलामाई नपा -१ सिन्धुलीमा घाटगद्दी गरी राखिएको विभिन्न लटको साल तथा अन्य जातको गोलिया थान ७० को कुल १७८०.८९ क्युफिट गोलिया काठ र साल मिश्रित दाउरा १.५० चट्टा व्यापारिक प्रयोजनकालागि बिक्री वितरण गर्नुपर्ने भएकोले काठ दाउरा जेजस्तो अवस्थामा सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उधोगहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनमा मध्यान्ह १२:०० बजे सम्म सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री वेतझोरी सामुदायिक वन उपभोक्ता समुह**
**कमलामाई .न.पा.–१ सिन्धुली**


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **YUBARAJ CONTRACTING & CLEANING WLL**

पूर्व स्वीकृति मिति २०८०/०२/३० | LT. No. : 287712 | चलानी नं. ६०२०३०४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1100 | ३९,८९५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 1000 | ३६,२६५ | | | | | | | |
| 3 | Mason | 1 | 0 | 1100 | ३९,८९५ | | | | | | | |
| 4 | Plaster Worker | 1 | 0 | 1100 | ३९,८९५ | | | | | | | |
| 5 | Receptionist | 0 | 4 | 1100 | ३९,८९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ६ गते (21st June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **HUP SOON SEAFOOD SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/३० | LT. No. 276052 | चलानी नं.६०१९१९२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ६ गते (21st June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**SWIFT H.R. SOLUTION PVT. LTD.** श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **WELLCALL HOSE (M) SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०५/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/३० | LT. No. 271071 | चलानी नं. ६०१८७०६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 52 | 0 | 1500 | ४२,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ६ गते (21st June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Sherpa International Manpower Consultancy Pvt. Ltd.** Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AMKENAH FOUNDATION FOR OPERATION AND MAINTENANCE**

पूर्व स्वीकृति मिति २०८०/०२/२९ | LT. No. : 287630 | चलानी नं.: ६०२०३०७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner worker | 1 | 0 | 1000 | ३५,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ६ गते (21st June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**SUHASHA LINK PVT. LTD.** License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com, Tel: 01 4382668, 4362338, Fax: 01-4362338

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **LALIT CLEANING AND CONTRACTING**

पूर्व स्वीकृति मिति : २०८०/०२/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/३० | LT. No. 286200 | चलानी नं. : ६०२०१६००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 3 | 0 | 1200 | ४३,५२० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 1 | 3 | 1500 | ५४,४०० | | | | | | | |
| 3 | Data Analyzer | 3 | 0 | 3000 | १०८,८०५ | | | | | | | |
| 4 | Cashier | 0 | 1 | 1500 | ५४,४०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ६ गते (21st June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD** श्रम ईजाजत नं १५७०/०७९/८०
Sinamangal, Gaushala Kathmandu Nepal, Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com, Web: shivamintlmanpower.com

## साउदी/युएई/बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TAUAH JASSIM AL AASHOUR CARPENTRY WORKSHOP**

पूर्व स्वीकृति मिति २०७९/१२/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/३० | LT No.284256 | चलानी नं. ६०१९९८१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenter | 1 | 0 | 1200 | ४२,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **INTEGRATED PARKING SERVICES LLC**

पूर्व स्वीकृति मिति २०७९/०७/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/३० | LT. No. 275436 | चलानी नं. ६०१९१०७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 97 | 0 | 1000 | ३५,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ELBOW MASSAGE CENTRE**

पूर्व स्वीकृति मिति २०७९/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/३० | LT No.271163 | चलानी नं. ६०१८६७६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 150 | ५०,९१५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Masseur | 14 | 0 | 130 | ४४,१२५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ६ गते (21st June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Target Consultant Human Resources Pvt. Ltd.** श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **THE LADY'S CORNER SALON AND HEALTH INSTITUTE CO.**

पूर्व स्वीकृति मिति : २०७९/०७/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/३० | LT. No. 274812 | चलानी नं.६०१९०५०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 40 | 150 | ६४,३६० | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 0 | 8 | 85 | ३६,४७० | | | | | | | |
| 3 | Receptionist | 0 | 8 | 135 | ५७,९२५ | | | | | | | |

कम्पनी : **ADVANCED TECHNOLOGY COMPANY KSC**

पूर्व स्वीकृति मिति : २०७८/०७/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/३० | LT. No. 249487 | चलानी नं.६०१६६५१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dental Nurses | 0 | 42 | 280 | १२०,१४० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dental Technician | 0 | 20 | 280 | १२०,१४० | | | | | | | |
| 3 | Dental X Ray | 0 | 7 | 280 | १२०,१४० | | | | | | | |
| 4 | Hygienist | 0 | 62 | 300 | १२८,७२० | | | | | | | |
| 5 | Nurse | 208 | 390 | 350 | १५०,१७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ६ गते (21st June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्योहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्योहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कसले व्योहोर्ने : नि:शुल्क**


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Omega International Pvt. Ltd.** Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com


**नेपाल सरकार**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान**
**वीर अस्पताल**

## आर्थिक प्रस्ताव खोल्ने सम्वन्धी सूचना

**(सूचना प्रकाशित मिति : २०८०/०२/३१**

यस अस्पतालबाट प्रकाशित निम्न वोलपत्रको सूचनाको म्यादभित्र दर्ता भएका वोलपत्रदाताहरूमध्ये यस अस्पतालबाट गठीत वोलपत्र मूल्यांकन समितिबाट मूल्यांकन हुँदा देहाय वमोजिमका वोलपत्रको प्राविधिक प्रस्तावहरू सारभूतरूपमा प्रभावग्राही भई स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ज को उपनियम ५ (४) को प्रयोजनार्थ यो सूचना प्रकाशन गरीएको छ । साथै उक्त स्वीकृत प्रस्तावदाताहरूको आर्थिक प्रस्ताव मिति ०८०।०३।१४ गते दिनको ११ बजे यस अस्पतालको खरिद इकाइमा खोलीने व्यहोरा समेत अनुरोध छ ।

| सि.नं. | बोलपत्र नं. | कामको विववरण | स्वीकृत वोलपत्र दाताको नाम, ठेगाना |
|---|---|---|---|
| १. | NAMS/ ICB/79/80/01 | Supply Delivery and installation of Mammography system-Fully Digital 3D tomosynthesis | 1. East west concern pvt ltd<br>2.Max meditech system pvt ltd |

**निर्देशक**

## रिलायन्स फाइनान्स लिमिटेडका ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने ७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति: २०८०/०२/३१)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससंग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज तथा हर्जाना व्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल वमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम विक्री गरी अथवा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाई ऋणी तथा ब्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा ब्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | धितोको विवरण | ब्यक्तिगत धन जमानी दिनेको विवरण |
|---|---|---|
| **नाम: कान्ति कुमारी अर्याल**<br>ठेगाना: टिकापुर-८, कैलाली<br>वुवा: शिव प्रसाद अर्याल<br>बाजे: जय बल्लभ अर्याल<br>कर्जा शिर्षक: व्यक्तिगत कर्जा | कान्ति कुमारी अर्यालको नाममा दर्ता रहेको चितवन जिल्ला, कठार वडा नं. ०७/क स्थित कित्ता नं. ९१९ को क्षत्रफल ०-४-०.७५ को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | **गिता भट्टराई**<br>ठेगाना: भरतपुर-७, चितवन<br>ससुरा: टिका राम भट्टराई<br>श्रीमान्: खेम राज भट्टराई |

**RELIANCE FINANCE LIMITED**
रिलायन्स फाइनान्स लिमिटेड
**Head Office:** B.J. Bhawan, Pradarshani Marg, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

प्रभाव दैनिक




## 'परस्त्री'को हिन्दी संस्करण पनि नेपालमा रिलिज हुने

फिल्म 'परस्त्री' को हिन्दी संस्करण पनि नेपालमा रिलिज हुने भएको छ । चलचित्र विकास बोर्डले 'परस्त्री' को हिन्दी संस्करणलाई 'प्रेमगीत ३' को हिन्दी संस्करण जस्तै रिलिज गर्न दिन लागेको हो । प्रेम गीत ३' लाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले दिएको निर्देशनलाई नजीर मानेर 'परस्त्री'लाई पनि रिलिजको लागि सुझाव दिइएको चलचित्र विकास बोर्डका सदस्य रवि अधिकारीले बताए । 'गत वर्ष असोजमा मन्त्रालयले आवश्यक प्रक्रिया पूरा गरेर 'प्रेमगीत ३'लाई नेपाली फिल्मले पाउने सुविधासरह प्रदर्शन अनुमति दिएको थियो । अहिले हामीले पनि त्यसरी नै रिलिज गर्न 'परस्त्री'लाई सुझाएका छौं', सदस्य अधिकारीले थपे 'यस विषयमा बोर्डमा निर्णय भने केही भएको छैन ।'




बुधबार, ३१ जेठ २०८० (Wednesday, June 14, 2023)

# संगीत तथा नाटच प्रतिष्ठानको भ्वाइस एण्ड स्पिच कार्यशाला

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल संगीत तथा नाटच प्रज्ञा प्रतिष्ठानको आयोजनामा 'भ्वाइस एण्ड स्पिच' कार्यशाला सम्पन्न भएको छ । थापागाउँ लेखन कुञ्जस्थित आरोहण गुरुकुलमा सञ्चालित कार्यशाला सोमबार सम्पन्न भएको हो । जेठ २६ गतेदेखि सञ्चालित कार्यशालामा नाटच निर्देशक अनुप बरालले प्रशिक्षण दिएका थिए । उनको सहायक प्रशिक्षकमा देव न्यौपाने थिए ।

प्रशिक्षक बरालले कलाकारमा सधैँ तटस्थ हुने र आफूलाई स्विकार्ने गुण हुनुपर्ने बताए । 'तपाईंहरू सर्वप्रथम आफूलाई स्वीकार्नुस् । अग्लो, होचो, कालो, गोरो, दुब्लो, मोटो जस्तो हुनुहुन्छ, त्यो सबै तपाईं हो, यो कुरालाई स्विकार्नुस् । र, अन्य बाह्य वातावरणप्रति तटस्थ रहनुहोस्', उनले भने ।

प्रतिष्ठानकी कुलपति निशा शर्माले प्रशिक्षार्थीहरूलाई निरन्तर साधनामा लाग्न सुझाव दिइन् । 'अभिनय भनेको धेरै ठुलो कुरो होइन, तर तपाईंले महसुस र मनन गरेर पात्रको ठाउँमा आफूलाई राखेर आफूलाई विश्वास दिलाउन सक्नुपर्छ', उनले भनिन् ।




कार्यशालामा करिब ४३ जना प्रशिक्षार्थीहरूलाई आवाज तथा भाषण कला (भ्वाइस एण्ड स्पिच) का बारेमा प्रशिक्षित गराइएको हो । सहभागी प्रशिक्षार्थीहरूले कार्यशालाबाट कलामा तटस्थताको महत्त्व, आफू तथा वातावरणको स्वीकार्यता, भाषण र प्रस्तुति कला, आवाजको अभ्यासलगायत थुप्रै ज्ञानहरू हासिल गरेको बताएका छन् ।

नेपाल नाटच तथा संगीत प्रतिष्ठानले कलाका विभिन्न विधामा रूचि राख्नेहरूका लागि विभिन्न तालिम दिने उदेश्यले वार्षिक क्यालेन्डर बनाएरै यस्ता विभिन्न कार्यक्रमहरू गरिरहेको छ ।

यसअघि आफूले विभिन्न जिल्लामा गरेका प्रशिक्षण अनुभवका आधारमा काठमाडौंमा यो कार्यक्रमको आयोजन गरिएको कुलपति शर्माले बताइन् । यसै वर्ष कर्णाली, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न भेगमा नाटक प्रशिक्षणलाई निरन्तरता दिनेसमेत उनले जानकारी दिइन् ।

# ४५ वर्षभन्दा अगाडि लेखिएको पुस्तक विमोचन

■ प्रभाव संवाददाता




**भक्तपुर–** ४५ वर्ष भन्दा बढी वर्ष अगाडि लेखिएको एउटा पुस्तक मंगलबार भक्तपुरमा विमोचन गरिएको छ । वरिष्ठ साहित्यकार हरिबहादुर श्रेष्ठद्वारा लिखित समाज विकासको एक झलक नामक पुस्तकको विमोचन गरिएको हो । लेखक हरिवबहादुर श्रेष्ठ आफैं, वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारी, सहप्राध्यापक इतिहासविद् सत्यमोहन जोशी, पुस्तकको प्रकाशक संस्था स्रस्ता समाजका अध्यक्ष लक्ष्मणराज जोशीले संयुक्त रूपमा पुस्तक विमोचन गरेका हुन् ।

पुस्तक चार दशक भन्दा अगाडि लेखिएका विषयवस्तुको संकलन रहेको जनाइएको छ । लेखक हरिबहादुर श्रेष्ठ भारतको प्रवास जीवनमा रहँदा लेखिएका विषयको संकलन पुस्तकमा रहेको जनाइएको छ। वरिष्ठ राजनीतिज्ञ एवं नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छें रोहितको साहित्यिक नाम हरिवहादुर श्रेष्ठ हो । उनै विजुक्छें भारतको प्रवास जीवनमा हुँदा लेखिएका विषयवस्तुहरूको संकलन पुस्तकमा रहेको जनाइएको छ ।

कार्यक्रममा विजुक्छेंले पुस्तकको पाण्डुलिपि संकलनमा ढिलाइ भएकोले पुस्तकको प्रकाशन ढिला गरी भएको सुनाए । राजनीतिक आन्दोलनलाई सघाउ पुयाउन लेखिएका कुराहरू आजका दिनमा पनि उतिकै महत्वपूर्ण रहेकोले ढिला भए पनि पुस्तक प्रकाशित गरेको उनको भनाई थियो ।

किसान आन्दोलन पुस्तकमा समाज विकासका विविध विकासक्रमहरू उल्लेख छन् । समाजको उत्पति, विकासक्रम, दास समाज, सामन्ती समाजलगायतका विविध विषय पुस्तकमा समावेश छन् । पुस्तक एक सय ५४ पृष्ठको रहेको छ । पुस्तकको मूल्य तीन सय राखिएको छ । पुस्तकको प्रकाशक संस्था स्रस्ता समाज रहेको छ ।

# प्राशना बनिन् 'नामी कलेज एसइई प्रिन्सेस २०२३'

**काठमाडौं (प्रस)–** 'नामी कलेज एसइई प्रिन्सेस २०२३' को ताज प्राशना श्रेष्ठले जितेकी छिन् । विश्व निकेतन स्कुल, त्रिपुरेश्वरबाट एसइई परीक्षा दिएकी १६ वर्षीया प्राशनाले १७ प्रतियोगीलाई पछि पार्दै उपाधि चुमेकी हुन् । उनले विधागत अवार्ड तर्फ मष्ट ट्यालेन्ट समेत जितेकी छिन् ।

सिजन मिडियाले राजधानीमा सोमबार साँझ आयोजना गरेको प्रतियोगितामा फस्ट रनरअप अदिति शर्मा भइन् । उनले विधागत तर्फ पर्सनालिटी अवार्ड पनि जितिन् । सेकेण्ड रनरअप अनुष्का श्रेष्ठ भइन् । उनले विधागत तर्फ भियोंस च्वाइस अवार्ड प्राप्त गरिन् । थर्ड रनरअप लमजुङकी कृतिका श्रेष्ठ भइन् । कृतिकाले भोटिङ मार्फत पपुलर अवार्ड पनि प्राप्त गरिन् ।



फोर्थ रनरअपको ताज प्रतिस्ना कार्की जित्न सफल भइन् भने उनले विधागत तर्फ क्रिएटिभ अवार्ड हात पारिन् । त्यसैगरी अन्य विधा तर्फको 'सिन्सियर सजना तामाङ, हम्बल प्रशंसा लिम्बु, अनेष्ट आर्सी महर्जन, प्रिटी श्रीयुती भण्डारी, वेष्ट स्माइल सुमीता महतो, हार्ड ओर्किङ कामना कुमारी खड्का, फोटोजेनिक विशाखा तामाङ, इनोसेन्ट सैयुजा कुँवर , फ्रेष्डसिप एन्जल महर्जन , स्टाइलिस सलिनता गुरुङ, वेष्टवाक अनु खड्का, कन्फिडेन्ट अश्लेसा सिटौलाले जिते । विजेताले नगद सहित विभिन्न अध्ययन अवसर उपहारको रूपमा प्राप्त गरे ।

# नौ स्रस्टालाई 'सम्मानार्थ सदस्यता' दिँदै लोकदोहोरी प्रतिष्ठान

**काठमाडौ (प्रस)–** राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठानले ९ जना लोकस्रस्टालाई 'सम्मानार्थ सदस्यता' प्रदान गर्ने निर्णय गरेको छ । कास्कीको मादी गाउँपालिकास्थित पर्यटकीय गाउँ ताङतिङमा भएको प्रतिष्ठानको केन्द्रीय कार्यसमितिको घुम्ती बैठकले उक्त निर्णय गरेको हो ।

बैठकले अग्रज लोकस्रस्टा बमबहादुर कार्की, नन्द कृष्ण जोशी, प्रेमदेव गिरी, हरिदेवी कोइराला, कुमार बस्नेत, शम्भु राई, प्रेमराजा महत, कृष्ण गन्धर्व र रामप्रसाद खनाललाई प्रतिष्ठानको 'सम्मानार्थ सदस्यता' प्रदान गर्ने निर्णय गरेको अध्यक्ष रीता थापा मगरले बताइन् ।

अग्रज संगीतकार नारायण रायमाझीको 'सांगीतिक साँझ' समेत आयोजना गर्ने प्रतिष्ठानको घुम्ती बैठकले निर्णय गरेको छ । प्रतिष्ठानका सल्लाहकार रहेका रायमाझीको सांगीतिक साँझ आगामी भदौ महिनामा हुनेछ । हरेक वर्ष एक जना लोक स्रस्टाको सांगीतिक साँझ आयोजना गर्ने प्रतिष्ठानको निर्णय अनुसार पहिले रायमाझीको 'सांगीतिक साँझ' हुन लागेको हो ।

## रंगशाला

# पुरुष र महिला दुवै क्रिकेटमा नेपाल पराजित




■ प्रभाव संवाददाता

**काठमाडौं–** मंगलबार जिम्बाब्वे र हङकङमा सम्पन्न पुरुष र महिला दुवै क्रिकेटमा नेपाली टिमले पराजय भोगेको छ । आईसीसी एकदिवसीय विश्वकप छनोटका लागि जिम्बाबे रहेको नेपाली पुरुष टोली युएईसँग पराजित भएको हो भने एसीसी महिला टी-ट्वान्टी इमर्जिङ टिम्स एसिया कपमा महिला टोली पाकिस्तान ए टिमसँग पराजित भएको हो ।

हरारेमा मंगलबार भएको खेलमा युएई ३ विकेटले विजयी भएको हो । नेपालले दिएको २ सय ७७ रनको लक्ष्य युएईले ४९ दशमलब ५ ओभरमा ७ विकेट गुमाएर पूरा गऱ्यो । युएईको जितमा रोहन मुस्ताफाले ७८ रनको अर्धशतकीय ईनिङ खेले ।

त्यसअघि टस जितेर ब्याटिङ गरेको नेपाल ४९ दशमलब ५ ओभरमा अलआउट हुदै २ सय ७६ रन बनाएको थियो ।

नेपालका ओपनर आशिफ शेखले सर्वाधिक ५७ रनको अर्धशतकीय ईनिङ खेले । नेपालले पहिलो विकेटका लागि ८७ रनको साझेदारी गरेको थियो । नेपालले पहिलो विकेटका रूपमा कुशल भुर्तेललाई व्यक्तिगत ३९ रनको स्कोरमा १९ औं ओभरको दोस्रो बलमा गुमाएको थियो ।

कुशल मल्लले ४६ रन, बनाउँदा आरिफ शेख ३५ रन बनाएका थिए । सोमपाल कामी १५ रन तथा गुल्शन झा र दिपेन्द्र सिंह ऐरीले समान ८/८ रनको योगदान गरे ।

नेपालले बिहीबार दोस्रो वार्मअप खेलमा ओमानसँग खेल्नेछ । अन्य अभ्यास खेलहरूमा आयरल्याण्डले अमेरिकालाई ५ विकेटले, वेस्टइन्डिजले स्कटल्याण्डलाई ९१ रनले तथा जिम्बाब्वेले ओमानलाई २८ रनले पराजित गर्यो।

जिम्बावे पुग्नु अघि नेपालले दक्षिण अफ्रिकामा अन्तिम तयारी गरेको थियो । तयारीका क्रममा दक्षिण अफ्रिकामा नेपाल दुई अभ्यास खेल खेलेको थियो । दुवै अभ्यास खेलमा नेपालले हार व्यहोरेको थियो । अभ्यास खेलमा स्कटल्यान्ड र नेदरल्यान्ड्स दुबैसँग नेपालले कमजोर ब्याटिङका गरेको थियो । नेपाल र युएईबीचको पछिल्लो पाँच खेलमा चार खेलमा नेपाल विजयी हुँदा एक खेल युएईले जितेको छ ।

### महिला टिम पाकिस्तानसाग पराजित

हङकङमा जारी एसीसी महिला टी-ट्वान्टी इमर्जिङ टिम्स एसिया कपमा पाकिस्तान 'ए' ले नेपाललाई हराएको छ ।

हङकङको मङकङमा भएको खेलमा पाकिस्तान 'ए' ९ रनले विजयी भएको हो । पाकिस्तान 'ए' ले दिएको ८८ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर ७८ रन मात्र बनाउन सक्यो ।

नेपालका लागि ओपनर कविता कुँवरले ३२ बलमा सर्वाधिक २० रन बनाईन् । कविता जोशीले १७ बलमा अविजित १५ रन बनाइन् । नेपालका अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । पाकिस्तान ए का लागि सईदा शाह र तुवा हसनले समान २/२ तथा अनुशा नासिर र उम्मि हानीले समान १/१ विकेट लिईन् । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको पाकिस्तान ए ले १९ दशमलब २ ओभरमा अलआउट भएर ८७ रन मात्र बनायो ।

पाकिस्तानका लागि शवाल जुफिकले ३६ बलमा २८ रन बनाईन् । कप्तान साना फतिमाले २३ बलमा १६ रन बनाउँदा गुल फरुजाले १८ बलमा ११ रन बनाईन् ।

नेपालले पहिलो ओभरमा नै विकेट लिएको थियो । कविता कुवँरले पहिलो ओभरमा नै इमन फतिमालाई शुन्य रनमा आउट गराएकी थिईन् ।

१९ औं ओभरमा ईन्दु बर्माले लगातार दुई विकेट लिएसँगै नेपाल खेलमा पुर्णत हाबी भएको थियो । कविता कुवँरले कप्तान फतिमा सानाको विकेट लिएसँगै पाकिस्तान ए ८७ रनमा समेटिएको थियो ।

ईन्दु बर्माले ३ तथा कविता जोशी, कविता कुवँर र सीता रानामगरले समान २/२ विकेट लिएका थिए । जितसँगै पाकिस्तान ए समूह ए को शीर्ष स्थानमा उक्लिएको छ । पराजित नेपाल भने दोस्रो स्थानमा रहेको छ ।

थाईल्यान्डले भिसा समस्याका कारण अन्तिम समयमा नाम फिर्ता लिएपछि नेपालले प्रतियोगितामा सहभागिताको अवसर पाएको हो । एसीसी महिला टी-ट्वान्टी इमर्जिङ टिम्स एसिया कपमा नेपाली महिला टोलीको यो पहिलो सहभागीता हो ।

प्रतियोगितामा नेपाल समूह ए मा रहेको छ । नेपाल रहेको समूहमा हङकङ, भारत र पाकिस्तानका रहेका छन् ।

दोस्रो खेल नेपालले १५ जुनमा भारतसँग खेल्नेछ । नेपालले १७ जुनमा घरेलु टोली हङकङसँग खेल्नेछ । समूह बी मा मलेसिया, युएई, बंगलोदश र श्रीलंका ए रहेका छन् । प्रतियोगिता हरेक समूहबाट शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन् । सेमिफाइनल १९ जुनमा हुनेछ । फाइनल २१ जुनमा हुनेछ ।




# फाइभ नेसन्स बास्केटबलमा नेपालको पहिलो खेल भुटानसँग

**काठमाडौं (प्रस)–** माल्दिभ्समा हुने फाइभ नेसन्स पुरुष बास्केटबल च्याम्पियनसिपमा नेपालले पहिलो खेल भुटानसँग खेल्ने भएको छ ।

माल्दिभ्स बास्केटबल संघले मंगलबार सार्वजनिक गरेको खेलतालिका अनुसार नेपालले बुधबार भुटानसँग खेल्दै च्याम्पियनसिप सुरु गर्नेछ । नेपालले दोस्रो खेल पाकिस्तानसँग बिहीबार खेल्नेछ । नेपालले बंगलादेशसँग शनिबार तेस्रो खेल खेल्नेछ । यस्तै नेपालले लिगको आफ्नो अन्तिम खेल आउँदो आइतबार माल्दिभ्ससँग खेल्नेछ । जुन २२ तारिखसम्म हुने प्रतियोगितामा नेपालसहित दक्षिण एसियाका पाँच राष्ट्रको सहभागीता रहेको छ ।



प्रतियोगितामा नेपाल सहित माल्दिभ्स, बंगलादेश, भुटान र पाकिस्तानले राउन्ड रोबिन लिगका आधारमा प्रतिस्पर्धा गर्ने छन् । शीर्ष दुई टोलीले फाइनल खेल्ने छ ।

**नेपाली टोली:**

सदिश प्रधान (कप्तान), विनोद महर्जन (उप कप्तान), विजय बुर्जा, निकेश राखल मगर, मविन्द्र भण्डारी, अजय कुश्वाहा, दिवेश्वर शाह, आयुश सिंह, निश्चल महर्जन, मनीष केसी, अशिम श्रेष्ठ र श्रेयशबहादुर शाह प्रशिक्षकमा विपिन कपाली र नृपेश श्रेष्ठ तथा व्यवस्थापक सुशील गुरुङ छन् । फिबा रेफ्री राजकुमार महर्जनले प्रतियोगितामा निर्णायको भूमिका निर्वाह गर्ने छन् ।

# सुनिरा र अभिलाषा सेमिफाइनलमा

**काठमाडौं (प्रस)–** सुनिरा थापा र अभिलाषा विष्ट प्रथम राइजिङ स्टार खुला टेनिस प्रतियोगिताको महिला सिंगल्समा मंगलबार सेमिफाइनलमा प्रवेश गरेका छन् ।

सातदोबाटोस्थित टेनिस कोर्टमा सुनिराले रायना शाहलाई ६-३ र ६-२ तथा अभिलाषाले प्रशंसा मोक्तानलाई ६-१ र ६-१ को सोझो सेटमा पराजित गरे । प्रकृति श्रेष्ठ र शुभांगीलक्ष्मी शाह पनि सेमिफाइनलमा पुगे । ६-० ले अगाडि रहेको अवस्थामा प्रतिद्वन्द्वी गंगा शर्मा रिटायर्ड हर्ट भएपछि प्रकृति विजेता घोषित भइन् । शुभांगीले आइसा डोल्कर गुरुङलाई ६-४, २-६ र ६-२ ले हराइन् ।

पुरुष सिंगल्समा प्रदीप खड्काले निहालजंग बहादुर थापालाई ६-१ र ६-२, आरभसम्राट हाडाले राजवीर प्रधानलाई ७-५ र ७-५, आर्यन गिरीले प्रणव मानन्धरलाई ३-६, ६-३ र ६-३, आयुशमान हजुर घलेले साहिल थापालाई ६-० र ६-१, निशान श्रेष्ठले अभिनव आचार्यलाई ६-० र ६-१, अभिषेक बाँस्तोलाले सक्षमविक्रम शाहलाई ६-० र ६-०, अकी जुवेन रावतले प्रीतम परियारलाई ६-० र ६-२ तथा प्रणव खनालले सौगात विकलाई ६-० र ६-१ ले पाखा लगाउदै क्वाटरफाइनलमा स्थान सुरक्षित गरे ।

नेपाल टेनिस संघको प्राविधिक सहयोग तथा राइजिङ स्टार टेनिस एकेडेमीद्वारा आयोजित प्रतियोगिताको यु-१० ब्वाइज सिंगल्समा आर्याशराज पौडेलले विश्वविशेष डल्लाकोटीलाई ७-६ (२) र ६-४ तथा निश्चल ज्ञवालीले सुजन कुइकेललाई ६-३ र ६-३ ले पन्छ्याउदै उपाधि भिडन्त पक्का गरे ।

यु-९ ब्वाइज सिंगल्समा संघर्ष फोडार, आर्याशराज पौडेल, निश्चल ज्ञवाली र इभान भट्टराई सेमिफाइनलमा पुगे । सो स्पर्धाको गर्ल्समा सरा पन्त, जीवाश्री भट्टराई, निम्ति कुँवर र थिअ श्रेष्ठले सेमिफाइनलमा स्थान बनाए । यु-१२ ब्वाइज सिंगल्समा अशभसम्राट हाडा, सानोवाज हुसैन र हभिस वंशलले सेमिफाइनल यात्रा तय गरे । उक्त स्पर्धाको गर्ल्समा साल्भी शेरचन र आयुशा जिसी सेमिफाइनलमा पुगे । भेट्रान ३५ वर्षमाथि पुरुष सिंगल्समा कमलबहादुर भण्डारी, प्रवेश पन्त, अनिल साइ, सन्तोष खत्री, सिमान्त गुरुङ, दावा सोनाम श्रेष्ठ, छेवाङ लामा र जितेन्द्र परियारले आ-आफ्नो प्रतिद्वन्द्वीलाई पराजित गरे । ४५ वर्षमाथि पुरुष सिंगल्समा रोहित सुनुवार, महेश श्रेष्ठ, मानबहादुर कटुवाल र मोहम्मद युनुस विजयी भए ।

# 'प्रधानमन्त्री मोदीको राजकीय भ्रमण महत्त्वपूर्ण हुनेछ'



